# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८३ असोज

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले तथ्यमा आधारित नीति निर्माणका लागि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ । मुलुक संघीय संरचनामा गएपश्चात् प्रादेशिक रुपमा आर्थिक गतिविधि अध्ययन तथा विश्लेषण आवश्यक भएवमोजिम आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशको आर्थिक गतिविधि समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

बैंकले गर्ने अध्ययन अनुसन्धानका लागि कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन/प्रशोधन गर्ने गर्दछ । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक, आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्ला (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ)मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ ।

यस प्रदेश अन्तर्गतका सबै ११ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था र ती क्षेत्रहरूमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

जिल्लास्थित विभिन्न सरकारी कार्यालय, सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा समग्र प्रदेशको आर्थिक अवस्था प्रस्तुत गरिएको छ । सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् स्थलगत अध्ययन समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य उल्लेख गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका निर्देशक श्री रामकुमार कार्की, उप-निर्देशक श्री मेरिना श्रेष्ठ, सहायक निर्देशकहरु श्री ओम प्रकाश पोखेल, श्री अन्जना जोशी, श्री तारा पोखरेल शर्मा, प्रधान सहायक श्री अमृता पौडेल र सहायक श्री दिलासा अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**शिखा अधिकारी रेग्मी**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| आवरण पृष्ठ | | | |
| प्राक्कथन | | | क |
| विषय सूची | | | ख |
| तालिका सूची | | | घ |
| चार्ट सूची | | | ङ |
| सारांश | | | च |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३-५** |
| | २.१ | समष्टिगत आर्थिक स्थिति | ३ |
| | २.२ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.३ | अन्तरप्रदेश तुलना | ३ |
| | २.४ | प्रादेशिक क्षमता, चुनौती र सम्भावना | ४ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **६-१५** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | १० |
| | ३.४ | वनजन्य उत्पादन | ११ |
| | ३.५ | सिंचाई | १२ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१६-१८** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १६ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **१९-२७** |
| | ५.१ | पर्यटन | १९ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २० |
| | ५.३ | वित्तीय सेवा | २० |
| | ५.४ | यातायात तथा संचार | २३ |
| | ५.५ | स्वास्थ्य | २३ |
| | ५.६ | शिक्षा | २४ |

| | | | |
|---|---|---|---|
| | ५.७ | सेवा क्षेत्र कर्जा | २५ |
| | ५.८ | सहुलियतपूर्ण कर्जा | २५ |
| | ५.९ | सहकारी | २६ |
| | ५.१० | सेवा क्षेत्रका चुनौती र सम्भावना | २६ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **२८-३१** |
| | ६.१ | पूर्वाधार क्षेत्र | २८ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २९ |
| | ६.३ | रोजगारी | २९ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३० |
| **परिच्छेद-७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | **३२-३४** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३२ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ३४ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **३५-३६** |
| | ८.१ | कृषि उत्पादन | ३५ |
| | ८.२ | औद्योगिक उत्पादन | ३५ |
| | ८.३ | सेवा क्षेत्र | ३५ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३६ |

# तालिका सूची

| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ८ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ८ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | १० |
| तालिका ३.५: प्रमुख पशुपन्छी तथा माछा उत्पादन | १० |
| तालिका ३.६: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.७: वनजन्य उत्पादन | ११ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.९: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल | १३ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल (जिल्लागत) | १३ |
| तालिका ३.११: क्षेत्रगत कृषि कर्जा | १४ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १७ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| तालिका ५.१: पर्यटक आगमन | १९ |
| तालिका ५.२: हवाई सेवा | २० |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २० |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २१ |
| तालिका ५.५: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २२ |
| तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २२ |
| तालिका ५.७: विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू | २३ |
| तालिका ५.८: गण्डकी प्रदेशमा यातायात सेवा | २३ |
| तालिका ५.९: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा | २४ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा शिक्षा सेवा | २४ |
| तालिका ५.११: क्षेत्रगत सेवा कर्जा | २५ |
| तालिका ५.१२: सहुलियतपूर्ण कर्जा | २५ |
| तालिका ५.१३: सहकारी सेवा | २६ |
| तालिका ६.१: गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना | २९ |
| तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३० |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति | ३२ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति | ३३ |

# चार्ट सूची

**शीर्षक**

चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर ४
चार्ट ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टर हजारमा) ७
चार्ट ३.२: प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा) ९
चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) १३
चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुहरूको क्षमता उपयोग (प्रतिशतमा) १६
चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा) २१
चार्ट ७.१: गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा) ३२

## सारांश

### समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन ३.८५ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मुल्यमा ५.०१ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २६.३ प्रतिशत, १८.४ प्रतिशत र ५५.३ प्रतिशत रहने अनुमान छ।

### कृषि क्षेत्र

४. समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लामा प्रमुख कृषि बालीले ढाकेको कुल क्षेत्रफलमा अघिल्लो वर्षको तुलनामा करिब ४.६४ प्रतिशतले ह्रास आई ४ लाख ६ हजार ४० हेक्टर कायम भएको छ। मसला, चिया र कफी खेतीले ढाकेको क्षेत्रफल क्रमशः २.१२ प्रतिशत, ३.०९ प्रतिशत र २१.४७ प्रतिशतले वृद्धि भएको छ भने खाद्य, नगदे तथा अन्य बाली, तरकारी र फलफूल खेतीले ढाकेको क्षेत्रफलमा क्रमशः ४.६१ प्रतिशत, ८.३० प्रतिशत र ४.०३ प्रतिशतले कमी आएको छ।

५. समीक्षा वर्षमा प्रमुख कृषि बालीको कुल उत्पादनमा २.६५ प्रतिशतले ह्रास आई १८ लाख २४ हजार ४४२ मेट्रिक टन कायम भएको छ। खाद्य, नगदे तथा अन्य बाली, तरकारी, फलफूल र मसला बालीको उत्पादनमा क्रमशः ०.८३ प्रतिशत, ७.९४ प्रतिशत, ५.८४ प्रतिशत र ७.११ प्रतिशतले कमी आएको छ भने कफी, मह र चिया उत्पादनमा क्रमशः ५२.६१ प्रतिशत, ५२.६० प्रतिशत र ८.९६ प्रतिशतले वृद्धि भएको छ।

६. समीक्षा वर्षमा पशुजन्य उत्पादनतर्फ दुध, मासु र अण्डाको उत्पादनमा क्रमशः ३.२९ प्रतिशत, ३.४४ प्रतिशत र ८.५५ प्रतिशतले ह्रास आएको छ भने माछाको उत्पादनमा ४.६१ प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा ३०.०२ प्रतिशत दाउरा उत्पादनमा ८.७७ प्रतिशत र औषधिजन्य वस्तु (जडीबुटी) को उत्पादनमा १३५.५४ प्रतिशतले वृद्धि भएको छ।

७. समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूले कृषि, वन र माछापालन क्षेत्रमा प्रवाह गरेको कर्जामा ४.४८ प्रतिशतले ह्रास आई रु.२२ अर्ब ९९ करोड पुगेको छ। यो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ६.३२ प्रतिशत रहेको छ।

### उद्योग क्षेत्र

८. समीक्षा वर्षको अध्ययनमा समेटिएका नमुना उद्योगहरूको भारित औसत उत्पादन क्षमता उपयोग ०.९८ प्रतिशतले वृद्धि भई ४६.५४ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात ४६.०९ प्रतिशत रहेको थियो।

९. समीक्षा वर्षमा तोरीको तेल, प्रशोधित दुध, बिस्कुट, चकलेट, चाउचाउ, वियर, ट्याब्लेट औषधी, क्याप्सुल औषधी, ओइन्टमेन्ट, ड्राई सिरप औषधी र ईटा उत्पादनमा क्रमशः २०.९७ प्रतिशत, २२.८० प्रतिशत, ५.१५ प्रतिशत, ५१.२७ प्रतिशत, ७.४६ प्रतिशत, २.९२ प्रतिशत, १४.१८ प्रतिशत, ०.९३ प्रतिशत, २५.२७ प्रतिशत, २५.३५ प्रतिशत र ५.९८ प्रतिशतले वृद्धि भएको छ भने चुरोट, लिक्विड औषधी र सिमेण्टको उत्पादनमा क्रमशः ४.६१ प्रतिशत, १.०९ प्रतिशत र ३.७० प्रतिशतले ह्रास आएको छ।

१०. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ७.९९ प्रतिशत अर्थात् रु.२९ अर्ब ९ करोड कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

११. समीक्षा वर्षमा गण्डकी प्रदेशमा अध्ययनमा समेटिएका होटेलहरूमा विदेशी पर्यटक आगमनको संख्या ९१,६३७ जना (०.३८ प्रतिशतले वृद्धि) रहेको छ । त्यस्तै, होटेलको शैया बिक्री संख्या २.९३ प्रतिशतले वृद्धि भई ९८,०११ पुगेको छ भने अकुपेन्सी ३५.२७ प्रतिशत रहेको छ (जुन अघिल्लो वर्ष ३६.१३ प्रतिशत रहेको थियो) । होटेलको कुल शैया संख्या ५.५ प्रतिशतले वृद्धि भई २ लाख ७७ हजार ९२० पुगेको छ ।

१२. समीक्षा वर्षमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २३ वटा हवाई सेवा कम्पनी मार्फत १३,२८१ पटक उडान भएको छ (जुन अघिल्लो वर्षको तुलनामा ६.२ प्रतिशतले कम हो) । हवाई कम्पनीको सिट उपयोग क्षमता ७८.६७ प्रतिशत रहेको छ (जुन गत वर्ष ७९.१३ प्रतिशत रहेको थियो) । कुल उडान गर्ने यात्रु संख्या ४ लाख ३४ हजार ३२० जना रहेको छ ।

१३. समीक्षा वर्षमा गण्डकी प्रदेशमा विश्वविद्यालयमा सम्बद्ध क्याम्पसको संख्या ९.२१ प्रतिशतले वृद्धि भई ८३ पुगेको छ र विद्यार्थी संख्या १.९३ प्रतिशतले वृद्धि भई ४७,११२ पुगेको छ भने शिक्षक संख्या १.९७ प्रतिशतले घटेर २,७३१ कायम भएको छ । त्यस्तै, सरकारी/सामुदायिक विद्यालयतर्फ विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षक संख्यामा क्रमशः २.०६ प्रतिशत, ७.५८ प्रतिशत र ०.७३ प्रतिशतले ह्रास आएको छ ।

१४. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १८.७ प्रतिशतले वृद्धि भई रु.७ खर्ब २६ अर्ब ६३ करोड पुगेको छ । कुल कर्जा प्रवाह १.९ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६३ अर्ब ८३ करोड पुगेको छ । सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रमा प्रवाहित कर्जा १.६० प्रतिशतले वृद्धि भई रु.२४ अर्ब २८ करोड पुगेको छ ।

## पूर्वाधार र रोजगारी

१५. राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-गैंडाकोट खण्डको भौतिक प्रगति करिब ७३.१५ प्रतिशत र बेनी-जोमसोम खण्डको भौतिक प्रगति करिब ६५ प्रतिशत रहेको छ । मध्यपहाडी लोकमार्ग अन्तर्गत गोरखा-लमजुङ खण्डको भौतिक प्रगति ८५ प्रतिशत र कास्की-पर्वत-बागलुङ खण्डको भौतिक प्रगति ८५ प्रतिशत रहेको छ । तनहुँ जलविद्युत आयोजना तथा बुढिगण्डकी जलविद्युत आयोजनाको भौतिक प्रगति क्रमशः ७८ प्रतिशत र १६.५५ प्रतिशत रहेको छ ।

१६. यस प्रदेशका ८५ वटै स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । उक्त कार्यक्रम अन्तर्गत सञ्चालित १ हजार ४ सय ४५ आयोजना मार्फत कुल ५ हजार ७ सय ६१ व्यक्तिले औसतमा ७४.८ दिन (कुल ४ लाख ३१ हजार ८९ दिन) रोजगारी पाएका छन् ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमित रुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन २०८३ समेत)" मा आधारित रही प्रादेशिकरुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ११ जिल्लाहरूको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

"गण्डकी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८२ साउनदेखि २०८३ असार मसान्तसम्मको आर्थिक तथ्याङ्कका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू समावेश गरी समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचनाहरू प्रदेशमा रहेका ११ जिल्लाका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अर्न्तवार्ता तथा इमेल मार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । उल्लेखित निकायबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी, माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् लिइएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत् प्राप्त गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । शिक्षासँग सम्बन्धित तथ्याङ्क जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई तथा विभिन्न क्याम्पसबाट सङ्कलन गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित

जिल्लाका नगरपालिकाबाट लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत् सङ्कलन गरिएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयबाट लिइएको छ भने प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना सम्बन्धी विवरण गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयवाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमा देहाय वमोजिम रहेका छन ।

१. प्रदेशका तथ्याङ्क प्रदायक निकायवाट प्राप्त तथ्याङ्कमा आधारित भएर प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमुना छनौटमा परेका १४ उद्योग, ११ होटल र १० सहकारीको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गरिएको छ ।

३. यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ्य उत्पादनको अन्तरप्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि समावेश गरिएको छ ।

## २.१ समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान छ। चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (Per Capita GDP) १५१३ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान रहेको छ ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५ खर्ब ९३ अर्ब हुने प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी, चालु आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ५.०१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ४.९२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २६.२८ प्रतिशत, १८.३७ प्रतिशत र ५५.३५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## २.३ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२० प्रतिशत) रहेको छ। चालु आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

**तालिका २.१ः प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व २०८२/८३)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | **गण्डकी** | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.१२ | ८६३.३३ | २४२३.१२ | **५९२.६८** | ९३६.७२ | २७७.२५ | ४६३.८९ | **६६००.१०** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | **८.९८** | १४.२० | ४.२० | ७.०३ | **१००.००** |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) (प्रतिशत) | ३.१३ | १.३१ | ५.४० | **५.०१** | २.८७ | २.९४ | ३.२८ | **३.८५** |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | १४१० | ९३४ | २६४४ | **१६५१** | १२०८ | ११०८ | ११७० | **१५१३** |
| कुल गार्हस्थ्य उत्पादनमा **प्राथमिक** क्षेत्रको हिस्सा (प्रतिशत) | ३२.८२ | ३५.११ | ११.८१ | **२६.२८** | ३०.२४ | ३१.६७ | ३३.६५ | **२४.४६** |
| कुल गार्हस्थ्य उत्पादनमा **द्वितीय** क्षेत्रको हिस्सा (प्रतिशत) | १७.३३ | १२.०४ | ११.६६ | **१८.३७** | १४.८४ | ९.९२ | १३.६९ | **१३.७३** |
| कुल गार्हस्थ्य उत्पादनमा **तृतीय** क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.८५ | ५२.८६ | ७६.५३ | **५५.३५** | ५४.९२ | ५८.४१ | ५२.६६ | **६१.८१** |

*स्रोतः संशोधित अनुमान, राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३ ।*

त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) सबैभन्दा बढी (५.४ प्रतिशत) र मधेश प्रदेशको सबैभन्दा कम (१.३१ प्रतिशत) हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश द्वितीय स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ।

**चार्ट २.१**
**प्रादेशिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.४.१ प्रादेशिक चुनौती

१. गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्यपहाडी जिल्लाबाट बसाइ/सराई हुने क्रममा तीव्रता आएकाले ती क्षेत्रमा जनसंख्या संकुचन हुँदै गएको अवस्थामा कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ सम्बन्ध (Forward-Backward Linkage) स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु चुनौतीपूर्ण छ।

२. कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ।

३. विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नुका साथै, बजारीकरणको समस्या, बजारीकरणमा बहुतहको बाहुल्यता, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, गुणस्तरीय बीउ, मल र उपकरणको अभाव, कृषि बिमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका चुनौती छन्।

४. पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजना समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन्। औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ।

५. ग्रामीण क्षेत्रका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रको रुपमा विकास गरी ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने अनियन्त्रित बसाइँसराइ रोक्ने तथा भौगोलिक, वित्तीय र वातावरणीय हिसाबले सम्भावना नदेखिएका बस्तीको व्यवस्थापन कार्य चुनौतीको रुपमा रहेको छ ।

### २.४.२ प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशमा रहेका अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ ।

२. मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ । कालीगण्डकी करिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम भएकोले पर्यटन तथा व्यापार वृद्धि हुने तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने देखिन्छ ।

३. ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजना, सौर्य र वायु ऊर्जा परियोजना विकास गरी विद्युत उत्पादन बढाउन सकिने देखिन्छ ।

४. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरी ब्राण्डिङ्ग तथा बजारीकरणको व्यवस्था हुन सकेमा मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउजस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा कृषकलाई आकर्षित गर्न सक्ने सम्भावना देखिन्छ ।

५. कृषि र सेवा क्षेत्रको आवद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा पहुँच, कृषि बिमा र नयाँ प्रविधिको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा योगदान पुग्ने देखिन्छ ।

६. हिमाल, पहाड र तराईसम्म फैलिएको गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को तराई र मध्यभागका टारमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना छ ।

७. यस प्रदेशमा विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ ।

८. मध्यपहाडी लोकमार्गको छेउछाउका स्थानमा बजार विस्तार गरी स्थानीय उत्पादनको बजारीकरण गर्न र होटल रेष्टुरेन्ट लगायतका व्यापार व्यवसाय विस्तार गरी उत्पादन प्रोत्साहन गर्न र रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ ।

# परिच्छेद ३
# कृषि क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान २४.४६ प्रतिशत, द्वितीय क्षेत्रको योगदान १३.७३ प्रतिशत र तृतीय क्षेत्रको योगदान ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी अर्थात् २५.६६ प्रतिशत रहने अनुमान गरिएको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको प्रदेशगत र जिल्लागत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था, कृषि कर्जा एवम् कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत स्थिति

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाईसराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ४.६४ प्रतिशतले ह्रास आई ४ लाख ६ हजार ४० हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल २.४१ प्रतिशतले घटेको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८८.६३ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५.५१ प्रतिशत तरकारी, ३.८२ प्रतिशत फलफूल तथा १.७९ प्रतिशत मसला र ०.२४ प्रतिशत भू-भागमा चिया तथा कफी लगाइएको छ ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**

(क्षेत्रफल हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०८२/८३ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ३७७२५३.२१ | ८८.६० | ३५९८७०.७८ | ८८.६३ | -४.६१ |
| तरकारी | २४३९८.८५ | ५.७३ | २२३७२.६७ | ५.५१ | -८.३० |
| फलफूल | १६१५६.२४ | ३.७९ | १५५०५.५८ | ३.८२ | -४.०३ |
| मसला | ७१३३.८३ | १.६८ | ७२८४.८५ | १.७९ | २.१२ |
| चिया | ९७.०० | ०.०२ | १०० | ०.०२ | ३.०९ |
| कफी | ७४६.७० | ०.१८ | ९०७ | ०.२२ | २१.४७ |
| **जम्मा** | **४२५७८५.८३** | **१००.००** | **४०६०४०.८८** | **१००.००** | **-४.६४** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

### क) खाद्य, नगदे तथा अन्य बाली

समीक्षा वर्षमा गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ४.६१ प्रतिशतले ह्रास आई ३ लाख ५९ हजार ८७० हेक्टर कायम भएको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ३.०३ प्रतिशतले घटेको थियो । बसाईसराई तथा बैदेशिक रोजगारको कारणले जनशक्तिको अभावमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रत्येक वर्ष कमी हुँदै गएको देखिन्छ । समीक्षा वर्षमा जौ, फापर, उखु, भटमास र तेलहनका क्षेत्रफलमा क्रमशः ०.१३ प्रतिशत, ३.८४ प्रतिशत, १०.३७ प्रतिशत, ०.६२ प्रतिशत र ९.३१ प्रतिशतले वृद्धि भएको देखिएतापनि धेरै क्षेत्रफलमा खेती गर्ने गरिएको

धान, मकै, गहुँ र कोदोको क्षेत्रफल क्रमशः ६.३७ प्रतिशत, ०.३८ प्रतिशत, १४.९५ प्रतिशत र ८.६२ प्रतिशतले ह्रास भएको छ र दलहनको क्षेत्रफलमा ६.३२ प्रतिशतले ह्रास भएको छ। खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३६.१४ प्रतिशत भु-भागमा मकै, २५.४९ प्रतिशत भु-भागमा धान र १७.४९ प्रतिशत भु-भागमा कोदो खेती रहेको छ।

**चार्ट ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र।*

### (ख) तरकारी

समीक्षा वर्षमा तरकारीले ढाकेको क्षेत्रफलमा ८.३० प्रतिशतको ह्रास आई २२ हजार ३ सय ७२ हेक्टर कायम भएको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा ०.२७ प्रतिशतको वृद्धि भएको थियो।

### (ग) फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफलमा ४.०३ प्रतिशतले ह्रास आई १५ हजार ५०५ हेक्टर कायम भएको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा ६.८१ प्रतिशतले वृद्धि भएको थियो। फलफूलमध्ये आँप, केरा र स्याउको क्षेत्रफलमा वृद्धि भएको छ भने सुन्तला तथा अन्य फलफूलको क्षेत्रफलमा ह्रास आएको छ।

### (घ) मसलाजन्य बाली

समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल २.१२ प्रतिशतले वृद्धि भई ७ हजार २८५ हेक्टर पुगेको छ। अघिल्लो वर्ष यस्तो क्षेत्रफलमा २.०९ प्रतिशतले वृद्धि भएको थियो।

### (ङ) चिया तथा कफी खेतीँ

समीक्षा वर्षमा चिया तथा कफीले ढाकेको क्षेत्रफलमा क्रमशः ३.०९ प्रतिशत र २१.४७ प्रतिशतले वृद्धि भएको छ। स्याङ्जा र कास्की जिल्लामा भएको व्यापक चिया र कफीको वृद्धिले समग्र प्रदेशको चिया खेतीले ढाकेको क्षेत्रफलमा वृद्धि देखिएको छ।

## ३.१.२ जिल्लागत स्थिति

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी (१३.५७ प्रतिशत) गोरखा जिल्लामा रहेको छ भने सबैभन्दा कम मनाङ (०.३२ प्रतिशत) जिल्लामा रहेको छ। तरकारी खेती भएको कुल क्षेत्रफलमध्ये करिब ७१ प्रतिशत भुभाग कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, र बाग्लुङ जिल्लामा मात्रै रहेको छ। फलफुल खेती भएको कुल क्षेत्रफल मध्ये करिब ७१ प्रतिशत भुभाग स्याङ्जा, गोरखा, पर्वत, म्याग्दी, तनहुँ र बाग्लुङ

जिल्लामा रहेको छ भने मसला खेतीमा कुल क्षेत्रफलको करिब ८३ प्रतिशत भुभाग लमजुङ, कास्की, तनहुँ, नवलपरासी (बर्दघाट सूस्ता-पूर्व) र स्याङ्जा जिल्लामा रहेको पाइन्छ ।

**तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ४८,८४२.०० | १३.५७ | १,९०८.०० | ८.५३ | २,०१५.०० | १३.०० | १७२.०० | २.३६ |
| मनाङ | १,१५८.०० | ०.३२ | ११८.०० | ०.५३ | २७५.०० | १.७७ | १५.५० | ०.२१ |
| मुस्ताङ | १,३४७.०८ | ०.३७ | ७३.१४ | ०.३३ | ९४०.८८ | ६.०७ | २६.७० | ०.३७ |
| म्याग्दी | २०,९५३.२० | ५.८२ | १,२४२.०० | ५.५५ | १,२३१.०० | ७.९४ | २०७.०० | २.८४ |
| कास्की | ४५,२१८.५० | १२.५७ | ३,७५८.७० | १६.८० | १,०२९.७० | ६.६४ | १,२४७.९० | १७.१३ |
| लमजुङ | ३३,२३८.०० | ९.२४ | २,३३०.०० | १०.४१ | ६०५.०० | ३.९० | १,५४५.०० | २१.२१ |
| तनहुँ | ४७,२८९.०० | १३.१४ | ४,२४५.८३ | १८.९८ | १,४१९.०० | ९.१५ | १,१९८.०० | १६.४५ |
| नवलपरासी (ब.सु.पू) | ४२,५५२.०० | ११.८२ | २,०७६.०० | ९.२८ | ९४६.०० | ६.१० | १,१३५.७५ | १५.५९ |
| स्याङ्जा | ३७,५०५.०० | १०.४२ | २,६२१.०० | ११.७२ | ३,९८६.०० | २५.७१ | ९१३.०० | १२.५३ |
| पर्वत | ३०,३०९.०० | ८.४२ | ९९८.०० | ४.४६ | १,५७६.०० | १०.१६ | २२०.०० | ३.०२ |
| बाग्लुङ | ५१,४५९.०० | १४.३० | ३,००२.०० | १३.४२ | १,४८२.०० | ९.५६ | ६०४.०० | ८.२९ |
| **जम्मा** | **३५९,८७०.७८** | **१००.००** | **२२,३७२.६७** | **१००.००** | **१५,५०५.५८** | **१००.००** | **७,२८४.८५** | **१००.००** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा प्रमुख कृषि बालीहरूको उत्पादनमा २.६५ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादनमा ४.८१ प्रतिशतले ह्रास आएको थियो ।

**तलिका ३.३: कृषि बालीको उत्पादन**

(क्षेत्रफल हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ साउन-असार | हिस्सा (प्रतिशत) | आ.व. २०८२/८३ साउन-असार | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १३,४७,६६३.८७ | ७१.९१ | १३,३६,५२५.१६ | ७३.२६ | -०.८३ |
| तरकारी | ३,५६९६२.८९ | १९.०५ | ३,२८,६२१.३२ | १८.०१ | -७.९४ |
| फलफूल | १,०४,७१६.७९ | ५.५९ | ९८,५९९.७२ | ५.४० | -५.८४ |
| मसला | ६३,९६५.९८ | ३.४१ | ५९,४१५.३० | ३.२६ | -७.११ |
| चिया | १११.५५ | ०.०१ | १२१.५५ | ०.०१ | ८.९६ |
| कफी | १७४.२४ | ०.०१ | २६५.९० | ०.०१ | ५२.६१ |
| मह | ५८५.८५ | ०.०३ | ८९३.९९ | ०.०५ | ५२.६० |
| **जम्मा** | **१८,७४,१८१.१७** | **१००.००** | **१८,२४,४४२.९४** | **१००.००** | **-२.६५** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### (क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा ०.८३ प्रतिशतले ह्रास आएको छ । यस अवधिमा धान, गहुँ, कोदो र दलहनको उत्पादनमा क्रमशः ४.८७ प्रतिशत, २८.७४ प्रतिशत, १३.०४ प्रतिशत र १०.८० प्रतिशतले ह्रास आएको छ । त्यसैगरी मकै, जौ, फापर, आलु, उखु, भटमास र तेलहनको उत्पादनमा क्रमशः ४.१८ प्रतिशत, २८.५१ प्रतिशत, १६.४७ प्रतिशत, ६.४९ प्रतिशत, ११.१४ प्रतिशत, ०.३७ प्रतिशत र ६.९८ प्रतिशतले वृद्धि भएको छ । गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये मकैको अंश २९.५० प्रतिशत, धानको अंश २६.९८ प्रतिशत र आलु उत्पादनको अंश ३०.४४ प्रतिशत रहेको छ ।

**चार्ट ३.२: प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे. टनमा)**




*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

### (ख) तरकारी

समीक्षा वर्ष २०८२/८३ मा तरकारीको उत्पादनमा ७.९४ प्रतिशतले ह्रास आई ३ लाख २८ हजार ६ सय २१ मेट्रिक टन उत्पादन भएको छ । उक्त उत्पादन गत आर्थिक वर्षमा १०.९१ प्रतिशतले वृद्धि भएको थियो ।

### (ग) फलफूल

समीक्षा वर्षमा फलफूलको उत्पादनमा ५.८४ प्रतिशतले कमी भई ९८ हजार ६०० मेट्रिक टन उत्पादन भएको छ । यसमध्ये सुन्तला, आँप, र केराको उत्पादनमा क्रमशः ३.८४ प्रतिशत, २.१३ प्रतिशत र १४.२५ प्रतिशतले ह्रास आएको छ भने स्याउको उत्पादन ४.८१ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा फलफूलको उत्पादनमा ०.७३ प्रतिशतले वृद्धि भएको थियो ।

### (घ) मसला

समीक्षा वर्षमा मसलाजन्य बालीको उत्पादनमा ७.११ प्रतिशतले ह्रास आई ५९ हजार ४ सय १५ मेट्रिक टन उत्पादन भएको छ । गत वर्ष मसलाजन्य बालीको उत्पादनमा ५.२५ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.२.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा गण्डकी प्रदेशमा कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी नवलपरासी (बर्दघाट सूस्ता-पूर्व) जिल्लामा १६.०७ प्रतिशत उत्पादन भएको छ भने सबैभन्दा कम मनाङ जिल्लामा ०.७६ प्रतिशत उत्पादन भएको छ । कुल तरकारी उत्पादनमध्ये

सबैभन्दा बढी कास्की जिल्लामा २१.६७ प्रतिशत र सबैभन्दा कम मुस्ताङ जिल्लामा ०.२६ प्रतिशत उत्पादन भएको छ। कुल फलफूल खेतीमध्ये सबैभन्दा बढी उत्पादन स्याङ्जा जिल्लामा ३०.४३ प्रतिशत र सबैभन्दा कम उत्पादन लमजुङ जिल्लामा १.६५ प्रतिशत उत्पादन भएको छ । कूल मसला उत्पादनमध्ये नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लामा सबैभन्दा बढी २०.७६ प्रतिशत र मनाङ जिल्लामा सबैभन्दा कम ०.१३ प्रतिशत भएको देखिन्छ।

**तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १४६,५६९.०० | १०.९७ | ४८,८७३.०० | १४.८७ | १५,२२९.०० | १५.४५ | १,८५३.०० | ३.१२ |
| मनाङ | १०,१९३.६० | ०.७६ | ९०२.६० | ०.२७ | २,३१७.०० | २.३५ | ७५.०० | ०.१३ |
| मुस्ताङ | ११,५४९.८४ | ०.८६ | ८६३.६२ | ०.२६ | ६,६८४.३० | ६.७८ | २३८.३९ | ०.४० |
| म्याग्दी | ८६,९४७.०० | ६.५१ | १५,२९६.०० | ४.६५ | ५,३२०.६० | ५.४० | १,५६६.०० | २.६४ |
| कास्की | १६७,५७०.७० | १२.५४ | ७१,१९८.३० | २१.६७ | ७,१११.०० | ७.२१ | १०,४८९.९० | १७.६५ |
| लमजुङ | १०४,७४१.०० | ७.८४ | २४,४३५.०० | ७.४४ | १,६२५.०० | १.६५ | ५,७०९.०० | ९.६१ |
| तनहुँ | १८४,२४३.८५ | १३.७९ | ४६,१७४.०० | १४.०५ | १६,१८६.७० | १६.४२ | १०,९८८.७५ | १८.४९ |
| नवलपरासी (ब.सु.पू) | २१४,८१७.२६ | १६.०७ | ३०,७२४.८० | ९.३५ | ३,५१५.०० | ३.५६ | १२,३३३.२६ | २०.७६ |
| स्याङ्जा | १५५,१८७.०० | ११.६१ | २९,०२४.०० | ८.८३ | ३०,००२.५० | ३०.४३ | ८,५६६.५० | १४.४२ |
| पर्वत | ९१,७९३.०० | ६.८७ | १६,१००.०० | ४.९० | ५,९६५.०० | ६.०५ | १,४५१.०० | २.४४ |
| बाग्लुङ | १६२,९१२.९१ | १२.१९ | ४५,०३०.०० | १३.७० | ४,६४३.६२ | ४.७१ | ६,१४४.५० | १०.३४ |
| **जम्मा** | **१,३३६,५२५.१६** | **१००.००** | **३२८,६२१.३२** | **१००.००** | **९८,५९९.७२** | **१००.००** | **५९,४१५.३०** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्र ।*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८२/८३ मा दुध, मासु र अण्डाको उत्पादनमा क्रमशः ३.२९ प्रतिशत, ३.४४ प्रतिशत र ८.५५ प्रतिशतले ह्रास आएको छ भने माछामा ४.६१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा प्रदेशका दुध उत्पादनका प्रमुख जिल्लाहरू कास्की, स्याङजा, र नवलपुरमा दुध उत्पादन क्रमश घट्दै गएको कारणले समग्र प्रदेशमा नै दुध उत्पादन घट्न गएको छ । समीक्षा अवधिमा कास्की जिल्ला, स्याङजा, लमजुङ, मनाङ, पर्वत, बागलुङ र नवलपुर जिल्लाहरुमा मासुको उत्पादनमा आएको कमीले गर्दा समग्र गण्डकी प्रदेशमा नै नकारात्मक असर परेको छ। समीक्षा अवधिमा नवलपुर जिल्लाको अण्डा उत्पादनमा भएको गिरावटले गर्दा समग्र गण्डकी प्रदेशको अण्डा उत्पादनमा ह्रास आएको छ।

**तालिका ३.५: प्रमुख पशुपन्छी तथा माछा उत्पादन**

| उत्पादन | २०८१/८२ | २०८२/८३ | बृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | २,५७,१६८.४५ | २,४८,७०३.८८ | -३.२९ |
| मासु (मेट्रिक टन) | ५५,३४३.५८ | ५३,४४०.४१ | -३.४४ |
| अण्डा (हजार गोटा) | २,५२,९७५.६१ | २,३१,३५२.५७ | -८.५५ |
| माछापालन (मेट्रिक टन) | १,६१७.३७ | १,६९१.८६ | ४.६१ |

*स्रोत: पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

### ३.३.२ जिल्लागत स्थिति

दुध उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा २१.६५ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.१६ प्रतिशत उत्पादन भएको छ । मासु उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा ४६.८१ प्रतिशत र

सबैभन्दा कम मनाङ जिल्लामा ०.०७ प्रतिशत भएको छ । अण्डा उत्पादन सबैभन्दा बढी कास्की जिल्लामा २६.३६ प्रतिशत र सबैभन्दा कम मनाङ जिल्लामा ०.०३ प्रतिशत भएको छ । कुल माछा उत्पादन सबैभन्दा बढी नवलपरासी (बर्दघाट सूस्ता पूर्व) जिल्लामा ५८.८१ प्रतिशत र सबैभन्दा कम मुस्ताङ जिल्लामा ०.०४ प्रतिशत भएको छ ।

**तालिका ३.६: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | २७९६३ | ११.२४ | ७०११.०० | १३.१२ | २१०४९.०० | ९.१० | २१६ | १२.७७ |
| मनाङ | ३९८ | ०.१६ | ३८.५० | ०.०७ | ७३.०० | ०.०३ | १ | ०.०६ |
| मुस्ताङ | १००५.७७ | ०.४० | ४८३.३३ | ०.९० | ४२२.०१ | ०.१८ | ०.६५ | ०.०४ |
| म्याग्दी | ५४६८.११ | २.२० | १८४४.२४ | ३.४५ | ५०९८.१२ | २.२० | ३१.०१ | १.८३ |
| कास्की | ५३८३३.०० | २१.६५ | २५०१७.०० | ४६.८१ | ६०९९२.०० | २६.३६ | २०५.६ | १२.१५ |
| लमजुङ | १७२३० | ६.९३ | ३१४२.०० | ५.८८ | ८५३८.०० | ३.६९ | ४९ | २.९० |
| तनहुँ | ४०८८९ | १६.४४ | ४९९५.०० | ९.३५ | २६१९५.०० | ११.३२ | ९५.२ | ५.६३ |
| नवलपरासी (ब.सु.पू) | ३९८०५ | १६.०० | २८१२.७२ | ५.२६ | ५०१६८.०० | २१.६८ | ९९५ | ५८.८१ |
| स्याङ्जा | २६६१४.०० | १०.७० | २५४७.०० | ४.७७ | ४०७६२.५ | १७.६२ | ३३.२ | १.९६ |
| पर्वत | १२१७७ | ४.९० | १९८८.१२ | ३.७२ | ६८२६.९४ | २.९५ | ३३.२ | १.९६ |
| बाग्लुङ | २३३२१ | ९.३८ | ३५६१.५० | ६.६६ | ११२२८.०० | ४.८५ | ३२ | १.८९ |
| **जम्मा** | **२४८७०३.८८** | **१००.००** | **५३४४०.४१** | **१००.००** | **२३१३५२.५७** | **१००.००** | **१६९१.८६** | **१००.००** |

*स्रोत: पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत स्थिति

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको वनजन्य उत्पादनमा काठ, दाउरा र औषधीजन्य वस्तुको उत्पादन क्रमशः ३०.०२ प्रतिशत, ८.७७ प्रतिशत र १३५.५४ प्रतिशतले वृद्धि भएको छ भने अन्य उत्पादनमा ७२.३१ प्रतिशतले ह्रास आएको छ । गोरखा जिल्लामा चुत्रोको अत्याधिक मात्रामा उत्पादन तथा सबै राष्ट्रिय वन क्षेत्रबाट जडीबुटी संकलन भएका कारणले गर्दा समीक्षा अवधिमा औषधीजन्य उत्पादनमा वृद्धि भएको देखिन्छ ।

**तालिका ३.७: वनजन्य उत्पादन**

| विवरण | एकाइ | २०८१/८२ | २०८२/८३ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्युबिक फिट | २२,९४,१४२.०२ | २९,८२,७९३.६८ | ३०.०२ |
| दाउरा | चट्टा | २,७०३.५७ | २,९४०.६९ | ८.७७ |
| औषधिजन्य वस्तु | मे.टन | ५४.९७ | १२९.४९ | १३५.५४ |
| अन्य उत्पादन | मे.टन | २२२.०० | ६१.४७ | -७२.३१ |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको, निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएको, प्रदेश सरकारले आफ्नो वार्षिक कार्यक्रममा काठ र दाउरा उत्पादनमा जोड दिएको, वन नियमावली, २०७९ को नयाँ संशोधनमा दर्ता भएको, निजी वनबाट साल कटान गर्न सक्ने प्रावधान रहेको र वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागू भएका सामुदायिक वन, साझेदारी वन र चक्ला वनको सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना परिमार्जन गर्नका लागि प्रदेश सरकारबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगोपन व्यवस्थापन निर्देशिका जारी भइसकेकोले सघन वन व्यवस्थापन हुन गई काठ तथा दाउराको उत्पादन बढ्न गएको देखिन्छ ।

### ३.४.२ जिल्लागत स्थिति

सबैभन्दा बढी काठको उत्पादन बागलुङ जिल्लामा २५.४२ प्रतिशत र मनाङ जिल्लामा काठको उत्पादन नभएको देखिन्छ । समीक्षा अवधिमा काठजन्य उत्पादनको माग बढ्दै गएको तथा निजी आवादीबाट रुख कटान भई आन्तरिक तथा बाह्य निकासी भएका गोरखा, मुस्ताङ, म्याग्दी, कास्की, लमजुङ नवलपरासी (बर्दघाट सुस्ता पूर्व), स्याङ्जा र बाग्लुङ जिल्लामा काठको उत्पादन वृद्धिदर अन्य जिल्लाहरुको भन्दा बढी देखिएको छ । स्याङजा, बाग्लुङ र मुस्ताङ जिल्लामा नरम प्रकृतिका काठहरु प्लाइउड उद्योगमा र ईंटा उद्योगमा दाउराको मागमा भएको वृद्धिका कारण सपग्रमा काठको उत्पादन बढी देखिएको छ ।

**तलिका ३.८: काठको उत्पादन (जिल्लागत)**

| जिल्ला | आ.व.२०८१/८२ (क्युविक फिट) | आ.व. २०८२/८३ (क्युविक फिट) | हिस्सा (प्रतिशत) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| गोरखा | ४३४५७८.६१ | ५१८६३८.७९ | १७.३९ | १९.३४ |
| मनाङ | ७५०.०० | ०.०० | ०.०० | -१००.०० |
| मुस्ताङ | १५०७२.२५ | २२५८०.६३ | ०.७६ | ४९.८२ |
| म्याग्दी | १००५८०.१५ | १३५५२७.४० | ४.५४ | ३४.७५ |
| कास्की | ११३२१५.५९ | १४७२६१.७१ | ४.९४ | ३०.०७ |
| लमजुङ | ५१११५६.५४ | ६४०३४०.६८ | २१.४७ | २५.२७ |
| तनहुँ | १३४९६८.२० | १३२०४०.७३ | ४.४३ | -२.१७ |
| नवलपरासी (ब.स.पू) | २९८७३७.०० | ३५६४७१.०० | ११.९५ | १९.३३ |
| स्याङ्जा | ४७०४०.१७ | १६३३०३.०० | ५.४७ | २४७.१६ |
| पर्वत | १४३२६२.३१ | १०८४२९.०८ | ३.६४ | -२४.३१ |
| बाग्लुङ | ४९४७८१.२० | ७५८२००.६६ | २५.४२ | ५३.२४ |
| **जम्मा** | **२,२९४,१४२.०२** | **२,९८२,७९३.६८** | **१००.००** | **३०.०२** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला वन कार्यालय ।*

## ३.५ सिँचाइ

### ३.५.१ प्रदेशगत स्थिति

समीक्षा वर्षमा यस प्रदेशमा खेती गरिएको क्षेत्रफल ३ लाख ६३ हजार ८ सय ६५ हेक्टर रहेको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.८० प्रतिशत भू-भाग (१ लाख ५३ हजार ३ सय २० हेक्टर क्षेत्रफल) मा सिँचाइ सुविधा पुगेको छ ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.६५ प्रतिशतले बृद्धि भएको छ । कुल सिँचित क्षेत्रफलमध्ये ४५.६३ प्रतिशत कुलो र ५३.५६ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाइ प्रणालीबाट बाँकी ०.८० प्रतिशत सिँचाइ भएको देखिन्छ ।

### तलिका ३.९: खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल

(क्षेत्रफल हेक्टरमा)

| विवरण | आ.ब २०८०/८१ | आ.ब २०८१/८२ | आ.ब २०८२/८३ | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिँचित क्षेत्रफल | १५१४३२.० | १५२३३५.०० | १५३३१९.५० | ०.६५ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३५१९.० | ४५३५१९.०० | ४५३५१९.०० | ०.०० |
| खेती गरिएको क्षेत्रफल | ३६३८४२.० | ३६३८५९.०० | ३६३८६५.०० | ०.०० |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

### चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.५.२ जिल्लागत स्थिति

समीक्षा वर्षमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.८० प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेकोमा गोरखा, मुस्ताङ, कास्की, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लामा औसतभन्दा बढी प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ भने अन्य जिल्लाहरुमा औसतभन्दा कम प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको देखिन्छ ।

### तलिका ३.१०: खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल (जिल्लागत)

(क्षेत्रफल हेक्टरमा)

| जिल्ला | कुल सिँचित क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफल | खेती गरिएको क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिँचित क्षेत्रफल ( प्रतिशत) |
|---|---|---|---|---|
| गोरखा | २५,८८६.५ | ५५,६९६.० | ५४,०१६.० | ४६.५ |
| मनाङ | २५३.० | २,१५३.० | २,१५३.० | ११.८ |
| मुस्ताङ | ४,५९२.० | ५,४६६.० | ४,४००.० | ८४.० |
| म्याग्दी | ६,५३४.० | ३०,४५६.० | १९,४९८.० | २१.५ |
| कास्की | १३,०५३.० | २८,६६१.० | २५,७९५.० | ४५.५ |
| लमजुङ | १६,०४७.० | ५८,३७५.० | ४५,७७७.० | २७.५ |
| तनहुँ | ५,९२८.० | ६५,०६५.० | ५१,६१४.० | ९.१ |

| | | | | |
|---|---|---|---|---|
| नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) | ४१,३१३.० | ६०,१७५.० | ५५,३०४.० | ६८.७ |
| स्याङ्जा | २०,३९७.० | ७२,७३१.० | ५०,५६४.० | २८.० |
| पर्वत | १२,०२७.० | २८,५९३.० | २४,१७१.० | ४२.१ |
| बाग्लुङ | ७,२८९.० | ४६,१४८.० | ३०,५७३.० | १५.८ |
| **जम्मा** | **१५३,३१९.५** | **४५३,५१९.०** | **३६३,८६५.०** | **३३.८** |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूबाट कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जामा ४.४८ प्रतिशतले ह्रास आई रु.२२ अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १५.२६ प्रतिशतले ह्रास आएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ६.३२ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जामा कृषि र वन सम्बन्धी उपशीर्षकमा रु.२२ अर्ब ७० करोड (९८.७५ प्रतिशत) र माछापालन सम्बन्धी उपशीर्षकमा रु.२९ करोड (१.२५ प्रतिशत) रहेको देखिन्छ ।

### तालिका ३.११: क्षेत्रगत कृषि कर्जा

(रु. दश लाखमा)

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कृषि र वन सम्बन्धी | २३७८६.६१ | २२७०२.४६ | -४.५६ | ९८.७५ |
| माछापालन सम्बन्धी | २८२.५२ | २८७.३३ | १.७० | १.२५ |
| **कुल कृषि कर्जा** | **२४०६९.१३** | **२२९८९.७९** | **-४.४८** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरू

१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिँचाइ, विद्युत इत्यादि सर्वसुलभ रुपमा उपलब्ध गराउनु, कृषि भूमिको संरक्षण तथा उपयोग गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु ।

२. दुध तथा मासुजन्य उत्पादन वृद्धिका लागि प्राविधिक सेवाको उपलब्धता र पहुँच वृद्धि गराउने, गुणस्तरीय उत्पादन सामाग्रीको सहज रुपमा उपलब्धता सुनिश्चित गराउने, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रको स्थापना तथा सुदृढीकरण गर्ने, घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्नु ।

३. पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशु र पशुजन्य उपजको मुल्य निर्धारण प्रक्रिया वैज्ञानिक र व्यवहारिक बनाउनु तथा पशुपालन क्षेत्रमा समयसमयमा देखिने महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु ।

४. विदेशबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक एवम् प्राविधिक सहजीकरण मार्फत् कृषि तथा पशुपालन व्यवसायमा संलग्न हुने वातावरणको सृजना गर्नु ।

५. उत्पादित कृषिजन्य वस्तुको उचित मूल्यमा बजारीकरण, गुणस्तरीय शितभण्डार र प्रशोधन केन्द्रको व्यवस्था गरी उत्पादनलाई सहजरुपमा बजारसम्म पुर्‍याउन बिचौलियामा प्रभाव कम गर्नु ।

६. भौगोलिक विकटता भएको पहाडी र हिमाली क्षेत्रमा उत्पादित कृषि उपजलाई बजारसम्म पुर्‍याउन कृषि सडक र यातायातको सञ्जाल विस्तार गर्नु ।

### ३.७.२ सम्भावनाहरू

१. कृषिको लागि समयमै उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, पर्याप्त सिँचाई सुविधा, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था तथा कृषि र पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने ।

२. यस प्रदेशका मनाङ र मुस्ताङ जिल्लामा स्याउ, स्याङ्जा र तनहुँ जिल्लामा सुन्तला, नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लामा आँप तथा गोरखा जिल्लामा केरा खेती लगायतका फलफुलबाट राम्रो आम्दानी गर्न सकिने ।

३. उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसायलाई थप व्यवस्थित र प्रवर्द्धन गरी ऊन, दुध, छुर्पी र मासुको उत्पादनमा वृद्धि र अन्य पहाडी जिल्लाहरूमा व्यवसायिक बाखापालन, गाई/भैंसीपालन गर्न सकिने ।

४. नेपाल सरकारबाट कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको र गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटन गन्तव्य भएको सन्दर्भमा कृषिलाई पर्यटनसँग (जस्तैः होमस्ट) जोड्न सकेको खण्डमा कृषि पर्यटनलाई विस्तार गर्न सकिने ।

५. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भरतातर्फ अग्रसर गराउन पकेट क्षेत्र, जोन र सुपरजोनको विस्तार गरी ब्राण्डिङ्ग तथा बजारीकरणको लागि कोरला नाका प्रयोग गरी अन्तर्राष्ट्रिय बजारसम्म उच्च मूल्यका वस्तुहरु निर्यात गर्न सकिने ।

६. विदेशबाट फर्केका युवाहरूलाई कृषि तथा पशुपालनमा संलग्न गराउन सकिने भएकाले श्रमशक्तिको आपूर्ति बढाउन सकिने ।

७. गण्डकी प्रदेश सरकारले लिएको **"प्रदेश सरकारको साझेदारीः बाँझो रहन्न खेतबारी"**, सामुहिक चक्लाबन्दी, करार खेती, गाउँ फर्कौं अभियान, सहुलियतपूर्ण कृषि अनुदान, एक वडा एक उत्पादन, विशेष पकेट ब्लक कार्यक्रम, डिजिटल कृषि तथा किसान सूचीकरण प्रणाली, कृषि पर्यटन प्रवर्द्धन जस्ता रणनीतिले कृषि क्षेत्रको विकासमा योगदान पुग्ने ।

# परिच्छेद ४
## उद्योग क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १८.४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.०४ प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य उपस्थिति रहेको छ । गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा गण्डकी प्रदेश मातहत दर्ता भएका साना उद्योग ६८ हजार १ सय ४० मझौला ८ र ठुलो १ गरी जम्मा ६८ हजार १ सय ४९ पुगेका छन् ।

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त विश्लेषण गरिएको छ । साथै, औद्योगिक कर्जाको स्थिति एवम् उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलाई समेटिएको छ ।

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

क) आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगको भारित औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा ०.९८ प्रतिशतले वृद्धि भई ४६.५४ प्रतिशत पुगेको छ । यस प्रदेशमा औसत क्षमता उपयोगभन्दा बढी उत्पादन क्षमता भएका उद्योगमा तोरीको तेलको ६१.६८ प्रतिशत, बिस्कुट उद्योगको ६९.२५ प्रतिशत, वियरको ६६.४९ प्रतिशत, लिक्विड औषधीको ५९.५७ प्रतिशत, चुरोटको ५२.३२ र प्रतिशत र ईटा उद्योगको ४८.३६ प्रतिशत रहेका छन् । औसतभन्दा कम उत्पादन क्षमता भएकामा प्रशोधित दुध ३२.२९ प्रतिशत, क्याप्सुल औषधीको ३९.०० प्रतिशत, चकलेटको ४०.४१ प्रतिशत, चाउचाउको ३३.८३ प्रतिशत, सिमेन्ट उद्योगको ४२.१४ प्रतिशत, ट्याब्लेट औषधीको २९.०७ प्रतिशत, ओइन्टमेन्ट औषधीको १८.६७ प्रतिशत र ड्राई सिरप औषधीको ७.९८ प्रतिशत रहेका छन् ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योग ।*

(ख) समीक्षा वर्षमा तोरीको तेल, प्रशोधित दुध, बिस्कुट, चकलेट, चाउचाउ, वियर, ट्याब्लेट औषधी, क्याप्सुल औषधी, ओइन्टमेन्ट, ड्राई सिरप औषधी र ईटा उत्पादनमा क्रमशः २०.९७ प्रतिशत, २२.८० प्रतिशत, ५.१५ प्रतिशत, ५१.२७ प्रतिशत, ७.४६ प्रतिशत, २.९२ प्रतिशत, १४.१८ प्रतिशत, ०.९३ प्रतिशत, २५.२७ प्रतिशत, २५.३५ प्रतिशत र ५.९८ प्रतिशतले वृद्धि भएको छ भने चुरोट, लिक्विड औषधी र सिमेण्टको उत्पादनमा क्रमशः ४.६१ प्रतिशत, १.०९ प्रतिशत र ३.७० प्रतिशतले ह्रास आएको छ ।

**तालिका ४.१: औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०८१/८२ | आ.व २०८२/८३ | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | २,९३७.०० | ३,५५३.०० | २०.९७ | ६१.६८ |
| प्रशोधित दूध | हजार लिटर | ९,५००.५२ | ११,६६६.२६ | २२.८० | ३२.२९ |
| विस्कुट | मे.टन | ६,७४४.०० | ७,०९१.०० | ५.१५ | ६९.२५ |
| चकलेट | मे.टन | २,९४३.७० | ४,४५३.०० | ५१.२७ | ४०.४१ |
| चउचाउ | मे.टन | ५,९४९.८२ | ६,३९३.४२ | ७.४६ | ३३.८३ |
| वियर | हजार लिटर | १,०५,६१८.८९ | १,०८,७०४.१० | २.९२ | ६६.४९ |
| चुरोट | दस लाख खिल्ली | ३,९४९.३६ | ३,७६७.३७ | -४.६१ | ५२.३२ |
| ट्याव्लेट औषधी | हजार थान | १,६२,५१८.६५ | १,८५,५५९.६९ | १४.१८ | २९.०७ |
| क्यापसुल औषधी | हजार थान | २३,०१९.४२ | २३,२३४.३९ | ०.९३ | ३९.०० |
| ओइन्टमेन्ट औषधी | हजार ट्युव | ७२१.७७ | ९०४.१७ | २५.२७ | १८.६७ |
| ड्राइ सिरप औषधी | हजार बोतल | ३०१.४६ | ३७७.८८ | २५.३५ | ७.९८ |
| लिक्विड औषधी | हजार बोतल | २,१३९.३६ | २,११६.०३ | -१.०९ | ५९.५७ |
| ईंटा | दस लाख गोटा | २.५१ | २.६६ | ५.९८ | ४८.३६ |
| सिमेण्ट | मे.टन | १११८३४९.०० | १०७६९९१.५० | -३.७० | ४२.१४ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योग ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा वर्षमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको औद्योगिक कर्जामा ४.२० प्रतिशतले वृद्धि भई कुल रु.२९ अर्ब ९ करोड पुगेको छ। गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा ७.९९ प्रतिशत रहेको छ। उक्त कर्जा मध्ये सबैभन्दा बढी निर्माण उपशीर्षकमा रु.९ अर्ब ६२ करोड (३३.०७ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.८ अर्ब (२७.५ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.७ अर्ब ५० करोड (२५.७८ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ४५ करोड (८.४१ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.१ अर्ब २५ करोड (४.२८ प्रतिशत) र खानी उत्पादनमा उपशीर्षकमा रु.२८ करोड (०.९६ प्रतिशत) कर्जा लगानी रहेको छ।

**तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा**

(रु. दश लाखमा)

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | परिवर्तन प्रतिशत | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ३२८.२६ | २७७.९५ | -१५.३३ | ०.९६ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ७६१९.७३ | ७५००.०२ | -१.५७ | २५.७८ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ८२०२.३१ | ७९९९.६७ | -२.४७ | २७.५० |
| निर्माण | ८३३६.७७ | ९६१८.९१ | १५.३८ | ३३.०७ |
| विद्युत, ग्यास तथा पानी | ५४२.३५ | १२४५.३९ | १२९.६३ | ४.२८ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २८८४.९९ | २४४६.०३ | -१५.२२ | ८.४१ |
| **कुल औद्योगिक कर्जा** | **२७९१४.४०** | **२९०८७.९७** | **४.२०** | **१००.००** |

*स्रोत : अध्ययन क्षेत्रका उद्योग ।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ उद्योगका चुनौतीहरु

१. विश्व भूराजनीतिक तनावका कारण सिर्जना भएको आपूर्तिजन्य अवरोधका कारण कच्चा पर्दाथको मुल्य वृद्धिले उत्पादित वस्तुहरुको मुल्यमा समेत चाप पर्दा उक्त उत्पादनको समष्टिगत माग सिर्जना गर्नु ।

२. युवाहरुको विदेश पलायान हुने बढ्दो प्रवृतिका कारण समष्टिगत उपभोगमा कमी आई उत्पादित वस्तुले समेत उपयुक्त बजार नपाएको सर्न्दभमा थप नयाँ उद्योग स्थापना तथा सञ्चालित उद्योगको उत्पादकत्व वृद्धि गर्नु ।

३. स्थानीय स्रोत तथा कच्चा पर्दाथको उपयोग गरी तुलनात्मक लाभ भएका वस्तुहरु उत्पादन गरी विदेशी उत्पादनसँग मुल्य र गुण्स्तरमा प्रतिस्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्नु ।

४. औद्योगिक पूर्वाधारको अर्पयाप्तता साथै दक्ष र प्रविधिमैत्री मानव पुँजीको अभावका कारण उद्योग आफ्नो पूर्ण क्षमतामा सञ्चालन नहुनु ।

५. परियोजनामा आधारित कर्जा प्रवाह गर्दा कर्जाको प्रभावकारी उपयोगको सुनिश्चितता गर्नु र रुग्ण उद्योगको निष्कृय कर्जा व्यवस्थापन गर्नु ।

### ४.३.२ सम्भावनाहरू

१. यस प्रदेशको आर्थिक वर्ष २०८३/८४ को बजेटमा स्थानीय स्तरमा उद्यमशीलता, उत्पादन र रोजगारी अभिवृद्धि गर्न तीन तहको साझेदारी र समन्वयमा सञ्चालन हुने नवप्रर्वतन साझेदारी कार्यक्रमलाई जोड दिएकाले उक्त कार्यक्रमले यस प्रदेशको उद्योग विकासमा योगदान पुऱ्याउने ।

२. स्थानीय कच्चापदार्थ र तुलनात्मक लाभका क्षेत्रमा आधारित उत्पादनमूलक उद्योग स्थापना तथा परम्परागत उद्योगको आधुनिकीकरण र उत्पादन ब्रान्डिङ गर्न सकिने ।

३. गण्डकी प्रदेश देशको पर्यटकीय राजधानी समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकास गर्न सकिने ।

# परिच्छेद ५
# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशको आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.३५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन् ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका ११ होटलको शैया संख्या ५.४६ प्रतिशतले वृद्धि भई २ लाख ७७ हजार ९ सय २० पुगेको छ । पर्यटक आगमनमा वृद्धि भएसँगै शैया विक्री सख्यामा २.९३ प्रतिशतले वृद्धि भई ९८ हजार ११ पुगेको छ । समग्रमा समीक्षा अवधिमा होटलको अकुपेन्सी २.४० प्रतिशतले ह्रास आई ३५.२७ प्रतिशत कायम भएको छ ।

**तालिका ५.१: पर्यटक आगमन**

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| होटलको शैया संख्या | २,६१,०००.०० | २,६३,५२०.०० | २,७७,९२०.०० | ५.४६ |
| शैया बिक्री संख्या | ९२,४२४.०० | ९५,२१९.०० | ९८,०११.०० | २.९३ |
| होटल अकुपेन्सी (प्रतिशत) | ३५.४१ | ३६.१३ | ३५.२७ | -२.४० |
| बिदेशी पर्यटन आगमन संख्या | ७८,७९५.०० | ९१,२८८.०० | ९१,६३७.०० | ०.३८ |
| प्रत्यक्ष रोजगारी संख्या | ६४०.०० | ६४२.०० | ६७७.०० | ५.४५ |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्ट ।*

### ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८२/८३ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २३ हवाई सेवा कम्पनीद्वारा १३,२८१ उडान भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ६.१९ प्रतिशतले घटेको छ । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा सो विमानस्थलबाट उडान भर्ने यात्रुको संख्यामा १०.९१ प्रतिशतले ह्रास आई ४ लाख ३४ हजार ३ सय २० कायम भएको छ । हवाई सेवा कम्पनीको सिट उपयोग क्षमता ७८.६७ प्रतिशत रहेका छ । समीक्षा वर्षमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलवाट ३ वटा हवाई कम्पनीमार्फत ४० वटा अन्तर्राष्ट्रिय उडान भई ६५२ जना यात्रुले उडान भरेका छन् ।

**तालिका ५.२: हवाई सेवा**

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | **२१** | **२५** | **२३** | **१९.०** | **-८.०** |
| आन्तरिक | १९ | २० | २० | ५.३ | ०.० |
| अन्तर्राष्ट्रिय | ० | ५ | ३ | - | -४०.० |
| **हवाई सेवा उडान संख्या (समग्र)** | ११,४८५ | १४,१५८ | १३,२८१ | २३.३ | -६.२ |
| आन्तरिक | ११,४८१ | १४,१३४ | १३,२४१ | २३.१ | -६.३ |
| अन्तर्राष्ट्रिय | ४ | २४ | ४० | ५००.० | ६६.७ |
| **हवाई सेवा कम्पनीको सिट क्षमता (संख्या)** | ६,३२,२०६ | ६,१६,०७३ | ५,५२,०७२ | -२.६ | -१०.४ |
| आन्तरिक | ६,३१,९४४ | ६,१३,३५० | ५,४७,३३३ | -२.९ | -१०.८ |
| अन्तर्राष्ट्रिय | २६२ | २७२३ | ४७३९ | ९३९.३ | ७४.० |
| **हवाई सेवा कम्पनीको सिट उपयोग संख्या (समग्र)** | ४,९२,१८२ | ४,८७,४९३ | ४,३४,३२० | -१.० | -१०.९ |
| आन्तरिक | ४,९२,०८४ | ४,८७,३५८ | ४,३३,६६८ | -१.० | -११.० |
| अन्तर्राष्ट्रिय | ९८ | १३५ | ६५२ | ३७.८ | ३८३.० |
| **हवाई सेवा कम्पनीको सिट उपयोग संख्या (प्रतिशत)** | ७७.८५ | ७९.१३ | ७८.६७ | - | - |
| आन्तरिक | ७७.८७ | ७९.४६ | ७९.२३ | - | - |
| अन्तर्राष्ट्रिय | ३७.४० | ४.९६ | १३.७६ | - | - |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा यस प्रदेशमा बसाईसराई तथा आर्थिक क्रियाकलापमा भएको सुधारसँगै मालपोत कार्यालयमा घर/जग्गा रजिष्ट्रेशन संख्यामा २.९४ प्रतिशतको वृद्धि भई ३२ हजार २ सय २४ पुगेको छ। महानगर/नगरपालिकाबाट हुने घर/भवन स्थायी नक्सा पास संख्यामा ३.८३ प्रतिशतले ह्रास आई १ हजार ७ सय ३२ कायम भएको छ। घर जग्गा रजिष्ट्रेशन वापतको राजस्वमा २६ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ५५ करोड ९५ लाख सङ्कलन भएको छ।

**तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ३१,३०५.०० | ३२,२२४.०० | २.९४ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १,८०१.०० | १,७३२.०० | -३.८३ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २,०३१.५१ | २,५५९.५० | २६.०० |

*स्रोत : मालपोत कार्यालय, महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ सेवा

(क) समीक्षा वर्षमा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको शाखा १,३६९ पुगेको छ । वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ५८६, १८५, ३६ र ५६२ रहेको छ। यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लामा अधिकेन्द्रित देखिएको छ।

### तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति

| जिल्ला | २०८२ असार | | २०८३ असार | |
|---|---|---|---|---|
| | शाखा संख्या | प्रतिशत | शाखा संख्या | प्रतिशत |
| कास्की | ३७६ | २६.८८ | ३४८ | २५.४२ |
| स्याङ्जा | १३३ | ९.५१ | १३४ | ९.७९ |
| तनहुँ | १८८ | १३.४४ | १८५ | १३.५१ |
| गोरखा | ११४ | ८.१५ | ११३ | ८.२५ |
| लमजुङ | १०४ | ७.४३ | १०४ | ७.६ |
| मनाङ | १७ | १.२२ | १७ | १.२४ |
| मुस्ताङ | २३ | १.६४ | २४ | १.७५ |
| पर्वत | ८२ | ५.८६ | ८२ | ५.९९ |
| बाग्लुङ | १०९ | ७.७९ | १०९ | ७.९६ |
| म्याग्दी | ५४ | ३.८६ | ५४ | ३.९४ |
| नवलपरासी (ब.सु.पू) | १९९ | १४.२२ | १९९ | १४.५४ |
| **जम्मा** | **१,३९९** | **१००** | **१,३६९** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

(ख) समीक्षा वर्षमा गण्डकी प्रदेशमा निक्षेप परिचालन १८.७ प्रतिशतले वृद्धि भई ७ खर्ब २६ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप १४.६ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, कुल कर्जा लगानी १.९ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ६३ अर्ब ८३ करोड पुगेको छ, जसमध्ये कृषि क्षेत्रमा रु. २२ अर्ब ९८ करोड, औद्योगिक क्षेत्रमा रु. २९ अर्ब ८ करोड, सेवा क्षेत्रमा रु. १ खर्ब ७ अर्ब १२ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.२ खर्ब १ अर्ब ६५ करोड प्रवाह भएको छ ।

### चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

(ग) समीक्षा वर्षमा निक्षेपकर्ताको संख्यामा २.६१ प्रतिशतले वृद्धि भई ६६ लाख ७५ हजार पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेपकर्ताको संख्यामा ५.८२ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) समीक्षा वर्षमा यस प्रदेशमा इन्टरनेट बैंकिङ प्रयोगकर्ताको संख्यामा १४.९४ प्रतिशतले वृद्धि भई ३ लाख १४ हजार पुगेको छ भने मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्यामा ३.४६ प्रतिशतले वृद्धि भई ३१ लाख ६६ हजार पुगेको छ । साथै, ए.टि.एम.को संख्यामा ०.८२ प्रतिशतले वृद्धि भई ६१८ पुगेको छ ।

**तालिका ५.५: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| विवरण | २०८२ असार मसान्त | २०८३ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेपकर्ताको संख्या | ६५,०५,०७० | ६६,७५,१६८ | २.६१ |
| ऋणीहरुको संख्या | २,२५,४२४ | २,२७,५८७ | ०.९६ |
| इन्टरनेट बैकिंङ प्रयोगकर्ताको संख्या | २,७३,१७० | ३,१३,९८२ | १४.९४ |
| मोवाइल बैकिंङ प्रयोगकर्ताको संख्या | ३०,५९,८६८ | ३१,६५,६३५ | ३.४६ |
| एटिएम संख्या | ६१३ | ६१८ | ०.८२ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सञ्चालित ९ नोटकोषहरूमा रु.१२ अर्ब ४५ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु.१५ अर्ब ५० करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयबाट रु.२ अर्ब १३ करोड १६ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्ष रु.८३ करोड ९४ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो ।

कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर ३३.३४ प्रतिशत र युरो ३४.९४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यस कार्यालयबाट भारतीय मुद्राको बिक्रीमा ७५ प्रतिशतले कमी आई रु.१ करोड ४७ लाख कायम भएको छ भने रु.४४ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ ।

**तालिका ५.६: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | आ.व.२०८१/८२ (साउन-असार) | आ.व.२०८२/८३ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | १९.४५ | ७१.०७ | २६५.४० |
| युरो | ३७.१२ | ७४.४७ | १००.६२ |
| अन्य मुद्रा | २७.३७ | ६७.६२ | १४७.०६ |
| **जम्मा** | **८३.९४** | **२१३.१६** | **१५३.९४** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ अन्य वित्तीय सेवा

(क) आर्थिक वर्ष २०८१/८२ को असार मसान्तमा यस कार्यालयमार्फत् विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरूको संख्या ११४ रहेकोमा आर्थिक वर्ष २०८२/८३ असार मसान्तमा यस्ता संस्थाको संख्या १२४ पुगेको छ, जसमध्ये मनिचेन्जर ३५, होटल/रिसोर्ट २९, ट्राभल एजेन्सी २४, ट्रेकिङ्ग एजेन्सी २९ र अन्यको संख्या ७ रहेको छ ।

**तालिका ५.७: विदेशी मुद्रा सटही गर्ने इजाजतपत्रप्राप्त संस्थाहरू**

| विवरण | आ.व.२०८१/८२ (असार मसान्त) | आ.व.२०८२/८३ (असार मसान्त) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३५ | ३५ | ०.०० |
| होटेल/रिसोर्ट | २७ | २९ | ७.४१ |
| ट्राभल एजेन्सी | २० | २४ | २०.०० |
| ट्रेकिङ | २६ | २९ | ११.५४ |
| अन्य | ६ | ७ | १६.६७ |
| **जम्मा** | **११४** | **१२४** | ८.७७ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयहरूमा दर्ता भएका यातायातका साधनको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा २७.९५ प्रतिशतले वृद्धि भई २६ हजार १ सय ८३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ३०.६२ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा मोटरसाईकलको संख्या २२ हजार ५५ र अन्य यातायातको साधनको संख्या ४ हजार १ सय २८ रहेको छ । यस प्रदेशमा आर्थिक क्षेत्र चलायनमान हुँदै जानु, आयातमा गरिएको कडाई फुकुवा हुनु तथा यातायातका साधन प्रयोग गर्ने युवाहरु बढ्नु जस्ता कारणले यातायातको साधनहरुको दर्ता क्रमशः बढ्दै गएको देखिन्छ ।

**तालिका ५.८: गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०८१/८२ | आ.व २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | २०,४६३ | २६,१८३ | २७.९५ |
| मोटरसाईकल | १६,८३० | २२,०५५ | ३१.०५ |
| अन्य ....... | ३,६३३ | ४,१२८ | १३.६३ |

*स्रोतः विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय ।*

### ५.४.२ सञ्चार

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने ७७.८ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग हुने गरेको छ । यसले गर्दा पछिल्लो समयमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा उल्लेख्य वृद्धि भएको छ । इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ । गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ ।

गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता पोस्टपेडमध्ये २ प्रतिशत, फाइबर टु दि होम १ प्रतिशत रहेका छन् भने २ जी, ३ जी र ४ जी  प्रयोगकर्ता ९७ प्रतिशत रहेका छन् ।

## ५.५ स्वास्थ्य

आर्थिक वर्ष २०८१/८२ सम्ममा गण्डकी प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरूको संख्या ५८ रहेकोमा आर्थिक वर्ष २०८२/८३ असार मसान्तमा यस्ता संस्थाहरूको संख्या १२.०७ प्रतिशतले वृद्धि भई ६५ पुगेको छ । त्यसैगरी आर्थिक वर्ष २०८२/८३ मा सरकारी/सामुदायिक अस्पतालहरुमा कार्यरत चिकित्सकको संख्या ९.८९ प्रतिशतले वृद्धि भई ६११ पुगेको छ । समीक्षा वर्षमा शैया संख्या ८.२०

प्रतिशतले वृद्धि भई १,९४० पुगेको छ । यस प्रदेशमा निजी अस्पतालको संख्या ६३, चिकित्सकको संख्या ५४२ र शैयाको संख्या ४,३५२ रहेको छ ।

### तालिका ५.९: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा

| विवरण | आ.व २०८१/८२ | आ.व २०८२/८३ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | ५८ | ६५ | १२.०७ |
| चिकित्सक संख्या | ५५६ | ६११ | ९.८९ |
| शैया संख्या | १७९३ | १९४० | ८.२० |
| **२. निजी अस्पताल** | | | |
| अस्पताल संख्या | ६३ | ६३ | ०.०० |
| चिकित्सक संख्या | ४८४ | ५४२ | ११.९८ |
| शैया संख्या | ४२४३ | ४३५२ | २.५७ |

*स्रोत : प्रादेशिक जनस्वास्थ्य केन्द्र, पोखरा ।*

## ५.६ शिक्षा

समीक्षा वर्षमा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्यामा २.०६ प्रतिशतले ह्रास आई ३,१७९ कायम भएको छ । विद्यार्थी संख्या र शिक्षक संख्यामा क्रमशः ७.५८ र ०.७३ प्रतिशतले कमी आएको छ । संस्थागत/निजी विद्यालयको संख्या, विद्यार्थी संख्या र शिक्षक संख्यामा पनि क्रमशः ०.१४, ०.१५ र १६.७५ प्रतिशतले ह्रास देखिएको छ । प्राविधिक शिक्षालयको संख्या र शिक्षक संख्यामा क्रमशः ४.० र १.१९ प्रतिशतले वृद्धि भएको छ भने विद्यार्थी संख्या संख्यामा ४.९० प्रतिशतले ह्रास आएको छ ।

### तालिका ५.१०: गण्डकी प्रदेशमा शिक्षा सेवा

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | समीक्षा अवधि परिवर्तन प्रतिशत |
|---|---|---|---|
| **सरकारी/सामुदायिक विद्यालय** | | | |
| विद्यालय संख्या | ३,२४६ | ३,१७९ | -२.०६ |
| विद्यार्थी संख्या | ३,४१,१०४ | ३,१५,२३४ | -७.५८ |
| शिक्षक संख्या | २२,७४८ | २२,५८१ | -०.७३ |
| **संस्थागत/निजी विद्यालय** | | | |
| विद्यालय संख्या | ७२० | ७१९ | -०.१४ |
| विद्यार्थी संख्या | २,१३,४१७ | २,१३,०९२ | -०.१५ |
| शिक्षक संख्या | ९,७१३ | ८,०८६ | -१६.७५ |
| **प्राविधिक शिक्षालय** | | | |
| शिक्षालय संख्या | ७५ | ७८ | ४.०० |
| विद्यार्थी संख्या | ४,०८० | ३,८८० | -४.९० |
| शिक्षक संख्या | ५८७ | ५९४ | १.१९ |
| **विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस** | | | |
| क्याम्पस संख्या | ८१ | ८८ | ८.६४ |
| विद्यार्थी संख्या | ४६,२१९ | ४७,११२ | १.९३ |
| शिक्षक संख्या | २,७८६ | २,७३१ | -१.९७ |

*स्रोतः शिक्षा तथा समन्वय इकाई र विश्वविद्यालय ।*

समीक्षा वर्षमा विश्वविद्यालयमा आवद्ध क्याम्पसको संख्यामा ८.६४ प्रतिशतले वृद्धि भई ८८ पुगेको छ । विद्यार्थीको संख्यामा १.९३ प्रतिशतले वृद्धि भएतापनि शिक्षकको संख्यामा १.९७ प्रतिशतले ह्रास आएको छ ।

## ५.७ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जामा समीक्षा वर्षमा ३.९७ प्रतिशतले ह्रास आई रु.१ खर्ब ७ अर्ब १३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जामा ०.०७ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाहमध्ये सेवा क्षेत्र कर्जा २९.४४ प्रतिशत रहेको छ ।

समीक्षा वर्षमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये थोक तथा खुद्रा बिक्रेतामा रु.५३ अर्ब ६१ करोड (५०.०४ प्रतिशत), पर्यटनमा रु.२४ अर्ब २८ करोड (२२.६६ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्तिमा रु.२१ अर्ब ४७ करोड (२०.०५ प्रतिशत), यातायात, भण्डारण र संचारमा रु.४ अर्ब ११ करोड (३.८४ प्रतिशत) र अन्य सेवा उपशीर्षकमा रु.३ अर्ब ६६ करोड (३.४१ प्रतिशत) कर्जा प्रवाह भएको छ ।

### तालिका ५.११: क्षेत्रगत सेवा कर्जा

(रु. दश लाखमा)

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ४,२९९.१८ | ४,११४.७३ | -४.२९ | ३.८४ |
| थोक तथा खुद्रा बिक्रेता | ५८,६६१.८५ | ५३,६०७.४६ | -८.६२ | ५०.०४ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २०,६३१.९९ | २१,४७४.८० | ४.०८ | २०.०५ |
| पर्यटन | २३,८९३.०८ | २४,२७५.६८ | १.६० | २२.६६ |
| अन्य सेवा | ४,०७२.०१ | ३,६५५.६३ | -१०.२३ | ३.४१ |
| **कुल सेवा कर्जा** | **१,११,५५८.१०** | **१,०७,१२८.२९** | **-३.९७** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जामा ६४.१४ प्रतिशतले ह्रास आई कुल रु.२ अर्ब ८९ करोड कायम भएको छ । गत वर्ष गण्डकी प्रदेशमा कुल रु.८ अर्ब ५ करोड सहुलियतपूर्ण कर्जा प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४४.८ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबैभन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

### तालिका ५.१२: सहुलियतपूर्ण कर्जा

(रु. दश लाखमा)

| जिल्ला | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | परिवर्तन प्रतिशत | जिल्लागत हिस्सा |
|---|---|---|---|---|
| गोरखा | ३६४.१८ | १४१.५० | -६१.१५ | ४.९० |
| मनाङ | १८.९७ | ७.०५ | -६२.८४ | ०.२४ |
| मुस्ताङ | ८५.६३ | २५.४० | -७०.३४ | ०.८८ |
| म्याग्दी | २३९.४३ | ९७.०० | -५९.४९ | ३.३६ |
| कास्की | ३,२०३.८२ | १,२९१.८५ | -५९.६८ | ४४.७५ |
| लमजुङ | ४१८.०२ | ८७.४० | -७९.०९ | ३.०३ |
| तनहुँ | १,०५३.६६ | ३०७.८४ | -७०.७८ | १०.६६ |
| नवलपरासी (ब.सु.पू.) | १,५९४.१२ | ६५४.६९ | -५८.९३ | २२.६८ |
| स्याङ्जा | ५०३.९६ | १२९.१० | -७४.३८ | ४.४७ |
| पर्वत | २३८.२५ | ६७.६६ | -७१.६० | २.३४ |
| बाग्लुङ | ३२९.२२ | ७७.२६ | -७६.५३ | २.६८ |
| **जम्मा** | **८,०४९.२७** | **२,८८६.७४** | **-६४.१४** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.९ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरूको पूँजीमा २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा ०.२८ प्रतिशतले ह्रास आई रु.३ अर्ब २० करोड ९९ लाख कायम भएको छ । उक्त अवधिमा छानिएका १० सहकारी संस्थाहरूबाट यस प्रदेशमा सकंलन भएको वचत रकममा ५.०९ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ७५ करोड ५ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचतमा १.०३ प्रतिशतले ह्रास आएको थियो । उपरोक्त सहकारी संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तसम्ममा २.७४ प्रतिशतले वृद्धि भई रु.११ अर्ब ४७ करोड ४८ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जामा ४.१८ प्रतिशतले ह्रास आएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य संख्या ४.२९ प्रतिशतले वृद्धि भई २ लाख ७ हजार ९२३ पुगेका छन् भने कर्मचारी सङ्ख्यामा ६.३६ प्रतिशतले ह्रास आई ४ सय १२ रहेका छन् ।

**तालिका ५.१३: सहकारी सेवा**

| विवरण | २०८२ असार मसान्त | २०८३ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु.दश लाखमा) | ३,२१८.८९ | ३,२०९.८६ | -०.२८ |
| कुल बचत (रु.दश लाखमा) | १३,०८४.४० | १३,७५०.५१ | ५.०९ |
| कुल ऋण (रु.दश लाखमा) | ११,१६८.६० | ११,४७४.८२ | २.७४ |
| सदस्य संख्या | १९९,३७६.०० | २०७,९२३.०० | ४.२९ |
| कर्मचारी संख्या | ४४०.०० | ४१२.०० | -६.३६ |

*स्रोत: अध्ययनमा समावेश गरिएका सहकारी ।*

## ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### ५.१०.१ चुनौतीहरू

१. प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार, सूचना तथा गुणस्तरीय सेवा मार्फत पर्यटकको बसाई अवधि लम्ब्याउनु ।

२. पर्यटकीय सम्पदाको दिगो संरक्षण, विकास तथा विस्तारलाई गुणस्तरीय बनाउनु ।

३. उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी विदेशिने क्रममा आएको वृद्धिले गर्दा शैक्षिक संस्थामा विद्यार्थीको संख्या घट्दै गएकोले ती संस्थाहरुको दिगोपन कायम गरी बजार माग अनुसारको दक्ष जनशक्ति निर्माण गर्नु ।

४. ग्रामीण भेगका अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था गरी दुर्गममा रहेका स्वास्थ्य संस्थामा जनशक्तिको उपलब्धता गराउनु ।

### ५.१०.२ सम्भावनाहरू

१. गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट मार्फत् पर्यटकीय क्षेत्रको पूर्वाधार विकास, पदमार्ग निर्माण तथा स्तरोन्नति र पर्यटनमैत्री सेवाको विकास तथा विस्तारमा जोड दिँदै प्रदेश सरकार, पर्यटन बोर्ड र निजी क्षेत्रसंग सहकार्य गर्ने नीति लिएकाले यस प्रदेशको पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने ।

२. नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेको त्यस्तै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आइसकेको, पोखरा जोडिने सडकको स्तरोन्नति र निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको हुँदा प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा विस्तार हुँदै जाने ।

३. कालीगण्डकी कोरिडोरको निर्माण सम्पन्न भएपश्चात् भारतीय र चिनियाँ पर्यटकको आगमनमा उल्लेख्य वृद्धि हुने ।

४. यस प्रदेशको सबै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेको साथै बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरताको कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगेकाले वित्तीय पहुँच थप विस्तार भई विद्युतीय माध्यमको प्रयोगमा बढोत्तरी हुँदै जाने ।

५. मध्य पहाडी लोकमार्गको निर्माणसँगै सो लोकमार्ग छेउछाउका समथर वस्तीमा होटल, रेष्टुरेण्ट लगायत साना तथा उद्यम व्यवसायको विस्तार भई ग्रामिण उत्पादनले सहज बजार पाउन सक्ने र ग्रामीण क्षेत्रमा कृषि उत्पादन बढाउन सकिने ।

# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाको प्रगति विवरण, पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरू समावेश गरिएको छ । साथै, गण्डकी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था तथा रोजगारीका समस्या र चुनौतीको विश्लेषण समावेश गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजनाहरू

(क) **कालीगण्डकी करिडोर :** कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करीडोरको समीक्षा वर्षसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ६५ प्रतिशत र वित्तीय प्रगति करिब ६० प्रतिशत रहेको छ । त्यसैगरी, मालढुङ्गा-गैंडाकोट खण्डमा करिब ७३.१५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ७२.१५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित लागत रु.३५ अर्ब रहेको छ ।  यस आयोजनाको मालढुङ्गा-राम्दी-गैडाकोट खण्डमा हाल ३८ वटा पुल र २४८ किमी सडक निर्माण सम्पन्न भई, बाँकी सडक खण्ड स्तरोन्नति कार्य भइरहेको छ भने जोमसोम कोरला खण्डमा पुल निर्माण कार्य, सडक कालोपत्रे र पहिरो नियन्त्रण कार्य भइरहेको छ ।  आयोजनामा कमजोर भौगोलिक धरातलको कारण अत्यधिक पहिरो तथा नदी कटान, सडक विभागको स्वीकृति नलिई शाखा सडक खोल्ने तथा खन्ने कार्य, जस्ता समस्याहरू देखिएका छन् । आयोजनाबाट २०८३ असार मसान्तमा ५६ हजार ४ सय ६० जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ख) **बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा निर्माण गरिने १२०० मेगावाट क्षमताको जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १६.५५ प्रतिशतमात्र भौतिक प्रगति र १०.८० प्रतिशत वित्तीय प्रगति भएको छ । हालसम्म बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय तथा फिल्ड कार्यालयको स्थापना भएको, आयोजनाको लागि आवश्यक वित्तीय व्यवस्थापन गर्न विभिन्न विकल्पमा आवश्यक छलफल, निर्माण कार्य पूर्व तयारीका कार्य तथा मुआब्जा वितरणको कार्य भईरहेको छ ।

यस आयोजना निर्माणका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन समयमै नभएकोले निर्माण कार्य शुरु गर्न ढिलाई भएको, मुआब्जा निर्धारण र वितरण सम्बन्धी कार्यमा जटिलता तथा डुवान प्रभावितको पुनर्स्थापना कार्यको मोडालिटी तयार गरी कार्य प्रारम्भ गर्न ढिलाई जस्ता समस्याहरु रहेका छन् । यस आयोजनामा हाल २६ जना कर्मचारी कार्यरत रहेका छन् ।

(ग) **तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५७९.३८ मिलियन अमेरिकी डलर लागतमा निर्माण गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्मको भौतिक प्रगति ७८ प्रतिशत र वित्तीय प्रगति ७४ प्रतिशत रहेको छ ।

हाल आयोजनामा ड्याम र टनेल निर्माणका कार्यहरु, पावर हाउसमा उपकरण जडानसम्बन्धी कार्यहरु र प्रसारण लाईनमा टावर निर्माणसम्बन्धी कार्यहरु भइरहेका छन् । यस आयोजनाले ऐलानी जग्गाको उपयोग र क्षतिपूर्ति सम्बन्धि समस्या, प्रभावित बासिन्दाबाट जग्गाको सट्टा जग्गाको माग, दातृ निकायसँग भएको सम्झौता बमोजिम कार्याक्रम गर्न नसक्नु र वृद्धि भएको लागतको वित्तीय व्यवस्थापन गर्नुपर्ने जस्ता समस्या भोगिरहेको छ । हाल यस आयोजनाले कुल १३३८ जनालाई रोजगारी दिएको छ ।

(घ) **मध्य पहाडी लोकमार्ग :** यस आयोजना अन्तर्गत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने २४० कि.मि. सडक निर्माणको ८५ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural works, drain and cross drainage work, road safety works, road furnishing works, pavement works को कार्य भइरहेको छ । आयोजनाको वित्तीय प्रगति ७८ प्रतिशत रहेको छ भने हाल यस आयोजनाले ७०० जनालाई रोजगारी दिएको छ ।

लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । यस खण्डको कुल २५० कि.मि. मध्ये २०९ कि.मि. सडक कालोपत्रे भैसकेको तथा हाल कास्की र बाग्लुङ जिल्लामा गरेर ४१ कि.मि. सडक कालोपत्रे गर्ने कार्यको लागि स्ट्रक्चरको निर्माण कार्य भैरहेको छ । यस आयोजना अन्तर्गत कास्की जिल्लाको अर्मलाकोट जौबारी १२ कि.मि. खण्डमा रेखाङ्कन विवादका कारण निर्माण कार्य सञ्चालन हुनसकेको छैन । उक्त आयोजनाको हालसम्मको वित्तीय प्रगति ८५ प्रतिशत रहेको छ भने आयोजनाबाट कुल ५५० जनाले रोजगारी पाएका छन् ।

**तालिका ६.१: गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू**

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर बेनी - जोमसोम | ६५.०० | ६०.०० |
| २ | कालिगण्डकी कोरिडोर मालढुंङ्गा - गैडाकोट | ७३.१५ | ७२.१५ |
| ३ | बुढिगण्डकी जलविद्युत आयोजना | १६.५५ | १०.८० |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ्ग | ८५.०० | ८५.०० |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ८५.०० | ७८.०० |
| ७ | तनहुँ हाईड्रोपावर लिमिटेड | ७८.०० | ७४.०० |

*स्रोतः सम्बन्धित आयोजना कार्यालय, गण्डकी प्रदेश ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

१. कठिन भौगोलिक बनावटका कारण पूर्वाधार निर्माणको लागत उच्च हुने र जलवायु परिवर्तनका प्रतिकुल प्रभावका कारण पटकपटक क्षतिग्रस्त भएका सडक तथा पुलको द्रुत मर्मत सम्भार र भवनको पुननिर्माण गर्नु ।

२. राजस्व संकलनको सीमित दायराका कारण वित्तीय स्रोतको अभावमा गुणस्तरीय पूर्वाधार निर्माण गर्नु ।

३. प्रदेशको सीमित श्रोत साधनको उच्चतम परिचालन गरी नागरिकलाई अधिकतम लाभ र सहज हुने पूर्वाधार जस्तै सडक, सडक पुल, झोलुङ्गे पुल, भवन, शहरी विकास र यातायात प्रणालीको दिगो एवम् गुणस्तरीय निमार्ण गर्नु ।

४. परियोजना बैंकको सुद्रढीकरण, खरिद प्रक्रियालाई थप पारदर्शी ,प्राविधिक गुणस्तरलाई नियन्त्रण र समय सीमा भित्र निमार्ण कार्य सम्पन्न गर्ने प्रणालीको सुनिश्चितता गर्नु ।

### ६.२.२ सम्भावनाहरू

१. यस प्रदेशको आर्थिक वर्ष २०८३/८४ को बजेटमा दामोदर कुण्डदेखि त्रिवेणीधाम जोड्ने धार्मिक पर्यटन परिपथ विकासमा जोड दिएकोले प्रदेशको सडक बिस्तार साथै पर्यटन आगमनमा वृद्धि हुन सक्ने ।

२. मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गहरूको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा बाह्य बजार विस्तार गर्न सकिने र कालीगण्डकी करिडोर सडकमार्गमार्फत चीन र भारतसँग सोझै सम्बन्ध कायम भएकोले पर्यटन, व्यापार वृद्धि तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हुने ।

३. ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजनाहरू, सौर्य र वायु ऊर्जा परियोजनाहरूको विकास गरी विद्युत उत्पादन बढाउन सकिने ।

## ६.३ रोजगारी

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा प्रदेश सरकार मातहत दर्ता भएका उद्योगहरु ६८ हजार १ सय ४९ रहेका छन । जसमध्ये साना उद्योग ६८ हजार १ सय ४०, मझौला उद्योग ८ र ठुला उद्योग १ रहेका छन । यी उद्योगमा महिला ८६ हजार ७ सय १८ र पुरुष ५२ हजार ९ सय ६६ गरी कुल १ लाख ३९ हजार ६ सय ८४ जनाले रोजगार प्राप्त गरेको छन् ।

यस प्रदेशमा रहेका ८५ स्थानीय तहमध्ये ८५ तहले नै आर्थिक वर्ष २०८२/८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार ४ सय ४५ आयोजनामार्फत् कुल ५ हजार ७ सय ६१ जनाले औसतमा ७४.८ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल ४ लाख ३१ हजार ८९ दिन रोजगारी पाएका छन् ।

**तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ फागुनसम्म |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ७० | ५९ | ८५ |
| आयोजना संख्या | १०१८ | ७८९ | १४४५ |
| रोजगारीमा संलग्न व्यक्ति | ७२१ | ४४५ | ५७६१ |
| रोजगार औसत दिन | ५५.२४ | ४८ | ७४.८ |
| जम्मा रोजगार दिन | ३९८३१ | २१२६७ | ४३१०८९ |

*स्रोत: गण्डकी प्रदेश, आर्थिक सर्वेक्षण २०८२/८३ ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौतीहरू

१. बैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र दक्षताको उपयोग गरी प्रदेशमा रोजगारका अवसर सिर्जना गर्नु ।

२. प्रदेशमा उपलब्ध स्रोत र साधनको समुचित उपयोग गर्दै युवाहरुलाई आन्तरिक रोजगारका अवसर सिर्जना गर्नु ।

३. सरकारद्वारा आयोजना गरिएको रोजगार कार्यक्रममा वास्तविक बेरोजगारको पहिचान गरी रोजगारी प्रदान गर्नु ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाको सीप र पुँजीलाई आधुनिक कृषि, उद्योग र पूर्वाधार निर्माणमा आर्कषित गराउनु ।

५. युवाहरुलाई विप्रेषणको रकम उत्पादनशिल क्षेत्रमा परिचालनका लागि आर्कषित वातावरण सिर्जना गर्नु ।

### ६.४.२ सम्भावनाहरू

१. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा बेरोजगारीको समस्या दिगो रुपमा समाधान गर्न श्रम बजारको माग अनुरुप युवा जनशक्तिको सीप र दक्षता विकासका लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन, रोजगार पोर्टल सञ्चालन तथा सबै प्रदेशमा रोजगारमेला सञ्चालन गरिने व्यवस्थाको प्रभावकारी कार्यान्वयनले स्वदेशमै रोजगारीको अवसर वढन सक्ने ।

२. पोखरा र आसपासका क्षेत्रमा होटल, रेष्टुरेन्ट र होमस्टेमार्फत हजारौंलाई प्रत्यक्ष रोजगारी उपलब्ध भएको सन्दर्भमा पदमार्ग (ट्रेल), साहसिक पर्यटन र धार्मिक पर्यटनको विकासले गाउँस्तरमै आयआर्जनका अवसर बढने ।

३. नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना गर्न सकिने ।

४. कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, बिमा दावीलाई प्रभावकारी वनाई व्यवसायिक कृषिमा जोड दिन सकिएमा स्वरोजगार प्रवर्द्धन हुने ।

## परिच्छेद ७
## प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ। यस अर्न्तगत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ।

### ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३१ अर्ब ९७ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार बि.सं. २०८३ असार मसान्तसम्म विनियोजनको ६४.४२ प्रतिशत अर्थात रु.२० अर्ब ६० करोड खर्च भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको ६९.४२ प्रतिशत खर्च भएको थियो।

**तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**

*(रकम रु. करोड)*

| शीर्षक | विनियोजित रकम (बजेट) | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| चालु | १,३१६.०६ | १,२६२.९२ | ७९०.१३ | ७६०.६१ | ६०.०४ | ६०.२३ |
| पुँजीगत | १,९५१.८० | १,९१०.०७ | १४९९.०९ | १२९९.४२ | ७६.८१ | ६८.०३ |
| वित्तीय व्यवस्था | ३०.०० | २५.०० | - | - | - | ०.०० |
| **खर्च** | ३,२९७.८६ | ३,१९७.९९ | २२८९.२२ | २०६०.०३ | ६९.४२ | ६४.४२ |

*स्रोत: आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश।*

आर्थिक वर्ष २०८२/८३ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१२ अर्ब ६२ करोड ९२ लाख मध्ये ६०.२३ प्रतिशत (रु.७ अर्ब ६० करोड ६१ लाख) खर्च भएको छ। अघिल्लो आर्थिक वर्ष चालु खर्च शीर्षकमा विनियोजित रकमको ६०.०४ प्रतिशत खर्च भएको थियो। त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.१९ अर्ब १० करोड ७ लाखमध्ये २०८३ असार मसान्तसम्म ६८.०३ प्रतिशत (रु.१२ अर्ब ९९ करोड ४२ लाख) खर्च भएको छ। अघिल्लो आर्थिक वर्ष पुँजीगत खर्च शीर्षकमा विनियोजनको ७६.८१ प्रतिशत खर्च भएको थियो।

**चार्ट : ७.१ गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत: आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

### तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति

(रकम रु.करोड)

| शीर्षक | विनियोजित रकम/लक्ष्य | | असार मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| राजस्व | १९०३.८९ | १७९९.६४ | १३६३.१९ | १४९०.६४ | ७१.६० | ८२.८३ |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | **१२१३.०५** | **१२२३.३६** | **१११११.३७** | **१००३.२८** | **९१.६२** | **८२.०१** |
| समानीकरण अनुदान | ५६४.९० | ७७३.८९ | ७००.९३ | ७०७.७२ | १२४.०८ | ९१.४५ |
| सशर्त अनुदान | ४९४.१५ | ३३५.६४ | २३८.४ | २२३.८५ | ४८.२४ | ६६.६९ |
| विशेष अनुदान | ७०.०० | ४९.८६ | ५८.९९ | ३१.४१ | ८४.२९ | ६३.०० |
| समपूरक अनुदान | ८४.०० | ६३.९७ | ११३.०५ | ४०.३ | १३४.५८ | ६३.०० |

*स्रोत: आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म रु.१४ अर्ब ९१ करोड राजश्व संकलन गरको छ । आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१२ अर्ब २३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा ८२.०१ प्रतिशत अर्थात कुल रु.१० अर्ब ३ करोड अनुदान प्राप्त गरेको छ ।

## ७.१.२ आर्थिक वर्ष २०८३/८४ को बजेट

**आर्थिक वर्ष २०८३/८४ मा गण्डकी प्रदेश सरकारको बजेटका प्राथमिकता:**

क) दिगो र गुणस्तरीय पूर्वाधार निर्माण र पर्यटन क्षेत्रको प्रवर्द्धन,

(ख) आर्थिक क्षेत्रको सुदृढीकरण, लगानीमैत्री वातावरण निर्माण र राजश्व क्षेत्रको व्यवस्थापन,

(ग) कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण,

(घ) डिजिटल शासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन प्रवर्द्धन,

(ङ) मानव संशाधन विकास र रोजगारी सिर्जना,

(च) वातावरण संशाधन विकास र रोजगारी सिर्जना,

(छ) जनस्वास्थ्य, सामाजिक न्याय र समावेशी विकास ।

**गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्यहरु:**

१. आर्थिक वृद्धि विस्तार मार्फत समुन्नत प्रदेश निर्माणको आधार तयार गर्ने,

२. सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी गरिबी निवारण गर्ने,

३. आधारभूत सेवा तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच विस्तार गर्दै सामाजिक न्याय प्रवर्द्धन गर्ने,

४. पूर्वाधार विकास, सूचना प्रविधि, नवप्रवर्तन, एआई, स्टार्टअप उद्यमशीलता मार्फत सुदृढ प्रदेश अर्थतन्त्र निर्माण गर्ने,

५. सार्वजनिक सेवाको डिजिटल रुपान्तरण मार्फत सुशासन प्रवर्द्धन गर्ने ।

बजेटका उपरोक्त उद्देश्य हासिल गर्न प्रदेश सरकारले रु.३२ अर्ब ९९ करोड ९९ लाखको अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको विनियोजन भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । यसमध्ये चालुतर्फ कुल विनियोजनको ३८.५६ प्रतिशत (रु.१२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार),

पुँजीगत तर्फ ६०.६८ प्रतिशत (रु.२० अर्ब २ करोड ६१ लाख २२ हजार) र वित्तीय व्यवस्था तर्फ ०.७६ प्रतिशत (रु.२५ करोड) रहेको छ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को विनियोजित बजेटको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारको राजस्व बाँडफाँटबाट रु.१० अर्ब १६ करोड ४७ लाख, रोयल्टी बाँडफाँडबाट रु.५१ करोड ४८ लाख र प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व रु.५ अर्ब ८४ करोड गरी १६ अर्ब ५१ करोड ९५ लाख प्राप्त हुने अनुमान गरेको छ। साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रु.२ अर्ब नगद मौज्दात बचत हुने अनुमान गरिएको छ भने न्यून हुने रु.१ अर्ब ७५ करोड आन्तरिक ऋणबाट पूर्ति गरिने व्यवस्था मिलाइएको छ।

आर्थिक वर्ष २०८३/८४ मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु.७ अर्ब ८४ करोड ८२ लाख, सशर्त अनुदानबाट रु.३ अर्ब ९३ करोड ३ लाख, समपूरक अनुदानबाट रु.५५ करोड ४६ लाख र विशेष अनुदानबाट रु.३९ करोड ५४ लाख प्राप्त गर्ने अनुमान गरिएको छ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन । आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशका पाँच स्थानीय तह (पोखरा महानगरपालिका, व्यास नगरपालिका, गोरखा नगरपालिका, पुतलीबजार नगरपालिका, कावासोती नगरपालिका) ले चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.१३ अर्ब ७४ करोड बजेट विनियोजन गरेकोमा विनियोजित बजेटमध्ये चालु खर्च ६२.५२ प्रतिशत, पूँजीगत खर्च ३७.३३ प्रतिशत र अन्य खर्च ०.१५ प्रतिशत गरी कुल ६४.०७ प्रतिशतमात्र खर्च गरेका छन् । प्रदेशको एक मात्र पोखरा महानगरपालिकाल आर्थिक वर्ष २०८२/८३ मा रु.८ अर्ब ४२ करोड ५१ लाख ५५ हजार बजेट विनियोजन गरेको थियो जुन गत बर्षको तुलनामा करीब १६ प्रतिशतले बढी हो।

# परिच्छेद ८
# आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा मधेस प्रदेशमा मनसुन ढिला भित्रिइ धान खेती लगायत समग्र वर्षे बाली प्रभावित भएको र सो कारणले कृषि उत्पादनको वृद्धिदरमा केही नकारात्मक असर परेको छ। हाल बनेको नयाँ सरकारमा युवाको सक्रिय सहभागिता, नागरिकमा राजनैतिक धारणामा परिवर्तनले अब देशमै बसेर केहि गनुपर्छ भन्ने भावनास्वरुप अर्थतन्त्रमा आर्थिक कृयाकलापहरु चलायमान हुने अपेक्षा गरिएको छ । पुनर्निर्माण कार्यलाई प्रोत्साहित गर्न सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको, सुशासन र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको र प्रकोपबाट प्रभावित व्यवसाय सञ्चालनको लागि राहत तथा सुविधाको व्यवस्था गरेकोले प्रादेशिक अर्थतन्त्रमा सुधारको आउने अपेक्षा गर्न सकिन्छ। साथै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईमा सिधा हवाई उडान शुरु भएसगैं अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमनमा वृद्धि भई पर्यटन क्षेत्र लगायत समग्र प्रादेशिक अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

## ८.१ कृषि उत्पादन

गण्डकी प्रदेशस्थित कृषि विकास कार्यालयहरुबाट प्राप्त प्रारम्भिक अनुमानअनुसार आर्थिक वर्ष २०८३/८४ को पहिलो ६ महिनामा कृषि उत्पादनमा सामान्य वृद्धि हुने अनुमान गरिएको छ। खासगरी अधिकांश जिल्लाहरुमा संघीय सरकार, गण्डकी प्रदेश सरकार तथा स्थानीय तहहरु मार्फत् सिंचाई आयोजनाहरु निर्माण तथा संचालन हुने भएकाले सिंचाई क्षेत्र विस्तारसँगै उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट प्राप्त जानकारी अनुसार गाईवस्तुमा देखापरेको लम्पी स्किन रोग, पशुआहारमा भएको मुल्यवृद्धि, दुधको अस्थिर बजार, समयमै दुग्धजन्य पदार्थको कृषकले भुक्तानी नपाउने समस्या इत्यादि कारणले दुध उत्पादन घट्ने अनुमान गरिएको छ । साथै, अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरपालन व्यवसाय धरासायी तथा कुखुराको चल्ला र दानामा अत्याधिक मुल्यवृद्धिले कुखुरापालन व्यवसाय घट्दै गइरहेको सन्दर्भमा समग्र मासु उत्पादनमा सामान्य कमी हुने अनुमान गरिएको छ । पोखरी विस्तार तथा व्यवसायिक रुपमा माछापालन व्यवसाय बढ्दै गइराखेकोले माछा उत्पादनमा केही वृद्धि हुने देखिन्छ।

## ८.२ औद्योगिक उत्पादन

गण्डकी प्रदेशस्थित समीक्षा वर्षमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा कमी आएतापनि आगामी अवधिका लागि उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ। खासगरी चाउचाउ, चकलेट, पेय पदार्थ, औषधी लगायतका वस्तुहरुको उत्पादनमा वृद्धि हुने देखिन्छ। यद्यपी, सरकारको पुँजीगत खर्च प्रभावकारी रुपले नभएको, वैदेशिक रोजगारमा गएका युवा विदेशतिरै बस्ने प्रवृत्ति हावी हुँदा व्यक्तिगत घर निर्माणमा कमी आएको, विद्युत आपुर्तिमा समस्याजस्ता कारणहरुले सिमेण्ट उत्पादन भने यथावतै रहने अनुमान रहेको छ।

## ८.३ सेवा क्षेत्र

बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने तथा विप्रेषणमा उल्लेख्य वृद्धि भएकोले निक्षेपमा पनि वृद्धि हुने देखिएको छ। तथापि अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले व्यापार व्यवसाय, निर्माण इत्यादि क्रियाकलापहरुमा कमी भई बैंक वित्तीय संस्थाहरुको कर्जा व्यवस्थापन थप असहज हुने अनुमान गरिएको छ।

## ८.४ पूर्वाधार क्षेत्र

यस प्रदेशमा निर्माण भैरहेका राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनाहरुमा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, रुख कटानी, मुआब्जा वितरणमा समस्या, नदीजन्य निर्माण सामाग्री उत्खनन्मा समस्या, विद्युतीय तथा खानेपानीका संरचना स्थानान्तरणमा स्थानीय अवरोध, अनाधिकृत रुपमा सडक खोल्नु, भौगोलिक विकटता, बाढी पहिरो तथा नदी कटान, आयोजनाको लगानी ढाँचा स्वीकृत हुन नसकी वित्तीय व्यवस्थापनमा समस्या इत्यादि समस्याहरुले गर्दा निर्माण सम्पन्न हुने समयावधि र लागत क्रमशः बढ्दै जाने अनुमान रहेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाई दुवइले अन्तर्राष्ट्रिय उडान समेत सुरु गरेको हुनाले अब यहाँको आर्थिक गतिविधिहरु समेत बढ्न सक्ने अनुमान गर्न सकिन्छ।